# बन्दी महिलाको वैवाहिक अवस्था

कास्की जिल्ला कारागारका विवाहित महिलाको समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र विभाग

स्नातकोत्तर तह द्वितीय पत्रको प्रयोजनका लागि तयार पारिएको

**शोध-पत्र**


शोधकर्ता

सत्य देवी देवकोटा

रोल नम्बर : १०२/०६९

रजिष्ट्रेसन नं. ६-२-४८-२२७५-२०००



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र विभाग

पोखरा नेपाल

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(समाजशास्त्र विभाग)
प.सं. :
च.नं. :
No: Bhimkalipatan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता पूर्तिका लागी मेरो निर्देशन र सुपरिवेक्षणमा सत्य देवी देवकोटाले **बन्दी महिलाको वैवाहिक अवस्था** विषयमा यो शोधपत्र तयार पार्नुभएको हो।

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ७ रत्नपुरी स्थित कास्की जिल्ला कारागारमा रहेका बन्दी विवाहित महिलामा केन्द्रित रहेर स्थलगत अध्ययन गरेर मेहनतपूर्वक तयार पारिएको यस शोधपत्रको कार्यप्रति म सन्तुष्ट छु। प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्याकंनका लागी सिफारिस गर्दछु।

मिति : २०७७, फागुन १०

.....................................

नेत्र नारायण पौडेल

उप-प्राध्यापक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्यापस, पोखरा

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(समाजशास्त्र विभाग)

प.सं. :
च.नं. :

No: Bhimkalipatan, Pokhara, Nepal

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्रका विद्यार्थी सत्य देवी देवकोटाले आठौ पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **बन्दी महिलाको वैवाहिक अवस्था** विषयक शोधपत्र मुल्यांकन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ।

मुल्याकंन समिति

...................................
नेत्र नारायण पौडेल
उप-प्राध्यापक
शोध निर्देशक

...................................
लक्ष्मणप्रसाद शर्मा
उप प्राध्यापक
बाह्य परीक्षक

..........................................
प्रा.डा. विश्वकल्याण पराजुली
विभागीय प्रमुख
मिति : २०७७, फागुन २८

# कृतज्ञता ज्ञापन

वन्दि महिलाहरूको वैवाहिक अवस्था शीर्षक रहेको यो शोधपत्र तयार पार्नका लागी विभिन्न समयमा आवश्यक सल्लाह र सुझाव दिनुहुने समाजशास्त्र विभाग पृथ्वी नारायण क्याम्पसका विभागीय प्रमुख एवं विभाग प्रति हार्दिक आभार व्यक्त गर्दछु।

शोधपत्रलाई प्रारम्भिक चरण देखी अन्तिम रुप दिनु अगाडीसम्म शोध निर्देशकको रुपमा प्रदान गर्नुभएको महत्वपुर्ण सल्लाह सुझावका साथै निरन्तर अनुगमन गर्दै हौसला प्रदान गर्नुहुने समाजशास्त्र मानवशास्त्र विभागका उप प्रध्यापक एवं आदरणिय गुरु नेत्र नारायण पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु।

तथ्याङ्क संकलनको प्रक्रियमा अत्यन्त संवेदनशिल रुपमा रहेको क्षेत्र कारागारमा प्रवेश, खुल्ला छलफल, बहस र अवलोकन गर्ने वातावरण मिलाईदिनु हुने र महत्वपूर्ण सहयोग गर्नुहुने कारागार कार्यालय प्रमुख केशव लामिछाने लगायत प्रशासन शाखाका कर्मचारी र प्रहरी प्रमुख तथा सुरक्षाकर्मीहरू प्रति धन्यवाद व्यक्त गर्दछु। यो अनुसन्धान पूर्णरुपमा यथार्थपरक बनाउनका लागि सोधिएका विविध विषमा प्रश्नावलीहरू प्रति आफ्नो यथार्थ परिस्थितिको नजिक रहेर उत्तर दिनुहुने सम्पूर्ण वन्दीहरूलाई यस अवसरमा धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा शोधपत्रलाई अन्तिम रुप दिने बेलासम्म प्रेरणा दिने आमा जसोदा देबकोटाप्रति आभार एवं कृतज्ञता व्यक्त गर्दछु। साथै विभिन्न समयमा विभिन्न प्रकारले सहयोग गर्नुहुने प्रदेश संग्रालय पोखरामा कार्यरत सहकर्मी साथी शोभाखर ढकाल, मालपोत कार्यालयमा कार्यरत यामप्रसाद पगेनी सर, यस कार्यमा खटिदा पारिवारिक सहयोग र साथ दिने छोरा सतिष पहारी र छोरीहरू निशा रेग्मी तथा निर्जला रेग्मीका साथै समय व्यवस्थापन गर्नका लागी सहयोग गर्ने पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालय परिवार र कम्प्युटर सेटिङ्गमा व्यवस्थित गर्ने व्यवस्था मिलाईदिनु हुने श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुर परिवारप्रति हृदयदेखि धन्यवाद टक्रयाउन चाहन्छु।

सत्य देवी देवकोटा

// शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विभाग समाजशास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आठौ पत्रको प्रयोजनका लागि तयार गरिएको हो। यो शोधपत्र कास्की जिल्ला कारागारमा रहेका बन्दी महिलाहरूको बारेमा अध्ययन गरिएको हो। प्रस्तुत अध्ययन खासगरी **बन्दी विवाहित महिलाको बैवाहिक अवस्था** शीर्षक छनौट गरी अनुसन्धानको प्रकृया अगाडि बढाईएको छ।

बन्दी विवाहित महिलाहरूको अपराधप्रतिको दृष्टिकोण र उनिहरूको वैवाहिक जिवनशैली र पारिवारिक अवस्था बुझ्ने उद्देश्यका साथ गरिएको प्रस्तुत अनुसन्धान मानविय संवेदनशिलताको कोणबाट हेर्दा अत्यन्तै आवश्यक, महत्वपूर्ण र औचित्यपूर्ण छ। अझ कारागारका समग्र बन्दीहरू र समग्र कारागार व्यवस्थापन सम्बन्धि अध्ययन गर्न आवश्यक हुदाँ हुदै पनि समय, जनशक्ति र आर्थिक अभावका कारणले सीमित गरिएको प्रस्तुत अध्ययन कास्की जिल्ला कारागारमा रहेका ६४ जना बन्दी महिला रहेकोमा (१ जना नाबालिका भएको) ५१ जना बन्दी विवाहित महिलामा आधारित रहेर गरिएको यो अनुसन्धान प्रकृया विवराणात्मक पद्धतिमा आधारित छ। तथ्याङ्क श्रोत मध्ये प्राथामिक श्रोतलाई बढि जोड दिईएका छ। सामाग्री संकलनका प्रथामिक श्रोतका लागी बन्दि विवाहित महिलाका लागी प्रश्नावली, अवलोकन र छलफल विधिको उपयोग गरिएको छ भने द्धित्तिय श्रोतहरूमा प्रकाशित, अप्रकाशित लेख, रचना, शोधपत्र र पुस्तकहरूबाट अध्ययन गरी समाविष्ट गरिएको छ।

प्रस्तुत शोत्रपत्रमा जम्मा ६ अध्याय, १९ शिर्षक, २७ उप शिर्षक, १९ तथ्याङ्क तालिका, २ अनुसुची, सर्न्दभ सामग्रीसमेत गरी ५० पृष्ठ सहित निम्न निर्ष्कष निकालिएको छ :

- समग्र बन्दीहरू अन्य मुद्धाभन्दा पनि लागुऔषध मुद्धामा परेकाहरू बढी छन्, साथै थुनुवाको तुलनामा कैदिको सख्या बढी रहेको छ।
- अंविवाहित महिलाको तुलनामा विवाहित महिलाहरूको सख्या बढि पाईएको छ।

- बन्दी विवाहित महिलाहरूमा विभिन्न प्रकारका बैबाहिक अवस्थाका बन्दी महिलाहरू भएता पनि सामाजिक परम्परा अनुसारका मागी विवाह भएका महिलाहरूको सख्या बढि पाइएको छ।
- बन्दीहरूको पुर्व रोजगारीको अवस्थालाई हेर्दा बेरोजगारीको सख्या बढी रहेको पाईएको छ।
- बन्दी विवाहित महिलाहरूमा महिला घरमुली भएको संख्या अत्यन्तै न्युन पाईएको छ।
- पारिवारिक महत्वका निर्णय गर्दा बन्दी विवाहित महिलाहरूले कुनै जानकारी नै नपाउने र जानकारी पाएका महिलाहरूमा पनि निर्णय कार्यान्वयनको अवस्था अत्यन्तै न्युन भएको सख्या बढी पाईएको छ।
- बन्दी जीवन पछि पारिवारिक तथा सामाजिक पुर्नस्थापनाप्रति बन्दी महिलाहरूलाई पुर्नस्थापनाको सम्भावना नभएको सख्या बढि पाईएको छ। अधिकाशं बन्दी विवाहित महिलाहरू बन्दी जीवन पश्चात कहाँ जाने के गर्ने भन्ने विषयमा अनभिज्ञ छन्।
- बन्दी विवाहित महिलाहरू परिवार समाज इष्टमित्रको नकरात्मक दृष्टिकोणका कारण परिवारसगँको भेटघाटबाट समेत वञ्चित छन्। बालबच्चाहरूको भविष्यप्रति चिन्तीत छन्।
- घटनाको कारणप्रति विवाहित बन्दि महिलाहरू सबैभन्दा बढि घरायसी पारिवारिक कारण भएको संख्या बढि छ।
- बन्दी महिलाहरू युवा अवस्थामा (२५ देखि ३४ वर्ष) अपराध गर्नेहरू बढी पाईएको छ।
- शैक्षिक अवस्थालाई हेर्दा ८ देखी १० कक्षा सम्म अध्ययन गरेका बन्दी विवाहित महिलाहरूको संख्या सबैभन्दा बढी पाईएको छ।
- एकल परिवार भन्दा संयुक्त परिवारमा भएका बन्दी विवाहित महिलाहरू धेरै रहेका छन्।

- धेरै बन्दीहरूको घरको वार्षिक आम्दानीले वर्षभरी खान नपुग्ने र केहीको जग्गा जमिन भए पनि ज्यादै न्यून भु-स्वामित्व भएको पाईएको छ।
- बन्दी विवाहित महिलाहरूले आय मुलक काममा समय विताउने सख्या बढि पाईएको छ तर आयमुलक काम सन्तुष्टी भएको भने देखिएको छैन।
- हाम्रो समुदायका सदस्यहरूको बन्दी महिलाहरूप्रति हेर्ने दृष्टिकोण र धारणाले गर्दा समुदाय, परिवार, र इष्टमित्रप्रति बढी शसंकित छन्।
- बन्दी विवाहित महिलाहरू अन्य मुद्धामा भन्दा पनि लागु औषध मुद्धामा परेकाहरू बढी छन्, साथै थुनुवाको तुलनामा कैदिको सख्या बढी रहेको छ।
- अन्य कारण भन्दा साथी संगतीको कारण अपराध गर्ने बन्दीहरू बढी पाईएको छ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| विषय सूची | VII |
| **अध्याय एक : परिचय** | **१–८** |
| १.१.अध्ययनको पृष्ठभूमि | १ |
| १.२.समस्याको कथन | ३ |
| १.३.अध्ययन उद्देश्य | ५ |
| १.४.अध्ययनको महत्व | ५ |
| १.५.अध्ययनको सिमा | ६ |
| १.६.शब्दावलीको परिभाषा | ७ |
| **अध्याय दुई : साहित्य समिक्षा** | **९–२३** |
| २.१. सैद्धान्तिक पुनरावलोकन | ९ |
| २.१.१. अपराध | ९ |
| २.१.२. अपराधका सिद्धान्त | १० |
| २.१.३ सम्बन्धीत पूर्व साहित्यको सिंहावलोकन | १४ |
| २.२. महिलाबन्दीहरूको वैवाहिक अवस्था | २० |
| २.२.१. विवाह सम्बन्धि धारणगत स्पष्टता | २० |
| २.२.२. बन्दी महिलाहरूको वैवाहिक स्थिति | २२ |
| **अध्याय तीन : अनुसन्धान विधि** | **२४–२७** |
| ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य | २४ |
| ३.२. अनुसन्धानको ढाँचा | २५ |
| ३.३. अध्ययनको समग्रता र बिधि | २५ |
| ३.४. तथयांक श्रोत एवं प्रकृति | २५ |

३.५. नमुना छनौट २६

३.६. तथ्याङ्क संकलन विधि २६

३.६.१. अन्तरवार्ता अनुसूची २६

३.६.२. अवलोकन पद्धति २७

३.६.३. तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण २७

**अध्याय चार : बन्दी महिलाको वैवाहिक अवस्था २८–३५**

४.१ वैवाहिक अवस्था २८

४.१.१. बन्दी महिलाको विवाहको उमेर २९

४.१.२. बन्दी महिलाको विवाहको प्रकार ३०

४.१.३. बन्दी महिलाको रोजगारीको अवस्था ३१

४.१.४. परिवारमा बन्दी महिलाको हैसियत ३२

४.१.५. पारिवारिक निर्णयमा बन्दी महिलाको अवस्था ३२

४.१.६. पारिवारिक पुर्नस्थपनाप्रति बन्दी महिलाको धारणा ३३

४.१.७. घटनाप्रति बन्दी महिलाको धारणा ३४

**अध्याय पाँच : बन्दी महिलाको जीवन पद्धति र पारिवारीक अवस्था ३६–४७**

५.१ जीवन पद्धति ३६

५.१.१. बन्दी महिलाको उमेर ३६

५.१.२. बन्दी महिलाको शैक्षिक अवस्था ३७

५.१.३. बन्दी महिलाको धार्मिक अवस्था ३८

५.१.४. बन्दी महिलाको जातीगत विवरण ३८

५.१.५. स्थानगत आधारमा बन्दी महिलाका अवस्था ३९

५.१.६. पारिवारिक संरचनाका आधारमा बन्दी महिलाको अवस्था ४०

५.२. बन्दी महिलाहरूको आर्थिक अवस्था ४१

५.२.१. बन्दी महिलाको पारिवारिक भु-स्वमित्व ४२

५.२.२. मासिक औषत आम्दानीका आधारमा बन्दी महिलाको अवस्था ४३

५.२.३. पेशाको आधारमा बन्दी महिलाको अवस्था ४४

५.२.४ सन्ततीको आधारमा बन्दी महिलाको विवरण ४४

५.२.५. बन्दी महिलाले जेलमा बिताउने समय ४५

५.२.६. बन्दी महिला र अपराधको प्रकृति ४६

**अध्याय छ : सारांश र सुझाव** **४८–५०**

६.१. अध्ययनको सारांश ४८

६.२. निष्कर्ष ४९

**सन्दर्भ सामग्री** **५१–५२**

**अनुसूची १.** कास्की जिल्ला कारागारमा विवाहित महिला बन्दीहरूलाई सोधिएका प्रश्नावली ५३

**अनुसूची २.** कास्की कारागारमा रहेका बन्दीहरू संलग्न मुद्धाका प्रकारहरू ५६

## तालिका सूची


| | |
|---|---|
| | **पृष्ठ** |
| ४.१. बन्दी महिलाको विवाह गर्दाको उमेर | २९ |
| ४.२. बन्दी महिलाको विवाहको प्रकार | ३० |
| ४.३. बन्दी महिलाको रोजगारीको अवस्था | ३१ |
| ४.४. महिला घरमुली भएका आधारमा बन्दी महिलाको विवरण | ३२ |
| ४.५. पारिवारिक निर्णय कार्यान्यवयनको अवस्था | ३३ |
| ४.६. पारिवारिक पुर्नस्थपनाप्रति बन्दी महिलाको धारणा | ३४ |
| ४.७. घटनाको कारणप्रति बन्दी महिलाको धारणा | ३५ |
| ५.१. बन्दी महिलाको उमेर विवरण | ३६ |
| ५.२. बन्दी महिलाको शैक्षिक स्थिति | ३७ |
| ५.३. बन्दी महिलाको धार्मिक स्थिति | ३८ |
| ५.४. बन्दी महिलाका जातीगत विवरण | ३९ |
| ५.५. स्थानगत आधारमा बन्दी महिलाको विवरण | ४० |
| ५.६. पारिवारिक संरचनाका आधारमा बन्दी महिलाको विवरण | ४१ |
| ५.७. बन्दी महिलाको पारिवारिक भु-स्वमित्व | ४२ |
| ५.८. औषत आम्दानीका आधारमा बन्दी महिलाको विवरण | ४३ |
| ५.९. पेशाको आधारमा बन्दी महिलाको विवरण | ४४ |
| ५.१०. सन्तान भएका र नभएका आधारमा बन्दी महिलाको विवरण | ४५ |
| ५.११ बन्दी महिलाले जेलमा बिताउने समय | ४५ |
| ५.१२. बन्दी महिला र अपराधको प्रकृति | ४६ |

# अध्याय एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

बन्दी शब्दले थुनुवा वा कैदी दुवैलाई बुझाउँदछ। कारागार ऐन २०१९ ले छुट्टाछुट्टै रूपमा परिभाषा गरेको छ। उक्त ऐन अनुसार कैदी भन्नाले कुनै अदालतको फैसला अन्तर्गत सजाय पाई कारागारमा रहेको व्यक्तिलाई जनाउँदछ भने सोही ऐनको दफा २ ग मा थुनुवा भन्नाले अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षको लागि रहेका व्यक्तिलाई बुझाउँछ।सामाजिक सभ्यताको विकासक्रममा मानव समाजको उत्पत्तिसँगै समाजको विभिन्न चरणहरूमध्ये आदिम साम्यवादी अर्थात् शिकारी तथा कन्दमुल संकलन गर्ने, पशुपालन गर्ने चरणसम्म अपराध सम्बन्धी कुनै गुन्जायस थिएन भन्ने पुष्टि ऐतिहासिक तथ्यहरूबाट प्राप्त गर्न सकिन्छ। जब कृषि समाजको सुरुवात भयो उत्पादित सामानको रक्षाको लागि विभिन्न मुल्य मान्यताका साथै धर्ममा जोडेर अगाडि बढ्ने समयको विकास भयो। आफ्ना वस्तु तथा साधनलाई आफ्नै नियन्त्रण र स्वामित्वमा राख्नका लागि हरेक व्यक्ति क्रियाशील र प्रयत्नशील रहन्छ। वस्तु तथा श्रोत साधनको प्रयोग मोहलाई अरुले हस्तक्षेप गर्नु वा हडप्न खोज्दा जो सुकै व्यक्तियको पनि अनिच्छा रहन्छ नै। त्यस कारण उक्त मान्यतालाई उल्लघंन गर्नेलाई अपराध मानिन थाल्यो। अपराध सार्वभौम प्रक्रिया हो। मानवको जन्मसँगै अपराध पनि जोडिएर आउँदछ। (अपराध शास्त्र, २०७६)

अपराध समाजद्वारा बन्देज गरिएका एवं तिरस्कृत गरिएका त्यस्ता कार्य हुन जसलाई राज्यले कानुनी माध्यमद्वारा निषेध गरिएको हुन्छ। जसको उल्लघन गरेमा त्यस्ता व्यक्तिहरू सजायको भागिदार बन्नु पर्दछ। अपराधलाई नियन्त्रण गर्नु राज्यको प्रमुख काम हो। आफ्नो राज्यको चार किल्ला सिमाना भित्र हुने अपराधलाई नियन्त्रण गर्ने र अपराधलाई दण्ड दिने काम समाज विकासकै क्रममा उदय हुन पुगेका राज्यहरूले स्थापना काल देखि नै गर्दै आएको पाईन्छ। गम्भिर अपराधमा संलग्न भएका अपराधीलाई दण्ड दिदा प्राचिन समयमा मृत्युदण्ड दिईन्थ्यो। मृत्युदण्ड दिँदा अपराधीलाई पेटमा सुईरो रोपेर घाँटिमा धारिलो हतियारले रेटेर तथा झुण्ड्याएर मृत्युदण्ड दिईन्थ्यो। मृत्युदण्ड बाहेकको कठोर शारीरिक दण्ड दिन हातका औला, खुट्टा तथा शरिरका अन्य संवेदनशील अगांहरू काट्ने जस्ता

डरलाग्दा विधिहरू अपनाईथ्यो। ठुला ठुला पदमा बसेका मानिसले जतिसुकै गम्भिर अपराध गरेपनि तिनीहरूलाई शारीरिक दण्ड दिनुको साटो थुन्ने चलन थियो। तर थुन्ने ठाउहरू कहाँ र कस्ता अवस्थामा थिए भन्ने कुरा कतै स्पष्ट उल्लेख गरेको पाईदैन। तैपनि यस्ता मानिसहरूलाई कठोर निगरानी र बन्धनमा राखिन्थ्यो भन्ने कुरा इतिहासमा पाईन्छ।

कानुन बमोजिम अपराधिलाई कारावासको दण्ड भुक्तानी जुन स्थानमा कैद गरिन्छ त्यो नै कारागार हो, अर्थात् कारागार भनेको त्यस्तो ठाउँ हो जहाँ अपराधिलाई समाज र समुदायबाट अलग्याई वा अलग राखी राज्यको नियन्त्रण विशेष प्रतिबन्धहरू सहित अपराधको दायित्व भोग्न लगाईन्छ । कारावार कारावासको लागी हुने हुनाले मुद्धा चलिरहेका व्यक्तिहरूलाई पनि कारागारमा राखिन्छ । अपराधिलाई विभिन्न प्रकारका यातना भोगाई भविष्यमा त्यस्ता प्रकारका अपराध गर्नबाट हतोत्साही गरी नियन्त्रण गर्ने कार्य र समाजमा सामाजिकरणको रूपमा सामाजिक कार्य, सुधार गृह, खुल्ला कारागार समेतमा कसुरदारलाई राखी, कसुरदारको व्यवहारमा सुधार गरी समाजबाट फौज्दारी कसुरहरू न्युनिकरण गर्ने कार्यहरू समेत कारागारबाट हुने भएको हुँदा बन्दी कारागारविचको सम्बन्ध अत्यन्तै निकट र सम्वेदनशिल समेत रहेको छ । (अपराधशास्त्र, २०७६)

नेपालमा कारागार कहिले देखि बन्न थाले ? कारागारको ऐतिहासिक स्वरूप र संरचना कस्तो थियो ? नेपालमा सबैभन्दा पहिले बनेको कारागार कुन हो ? सबैभन्दा पहिले नेपालको कुन ठाउमा कारागार बनेको थियो ? कुन राजाका पालामा बनेको हो ? यी यस्ता अनुत्तरित प्रश्नहरू हुन् जसको जवाफ नेपालको इतिहासका पानाहरूमा भेटाउन सकिदैन। त्यसैले नेपाल राज्यको उत्पत्ति सँगै कारागारहरू पनि बन्न थालेका हुनुपर्दछ भन्ने अनुमान भै इतिहासकारहरूले चित्त बुझाएका छन्। यी अनुमान नै भए पनि नेपालमा कारागारको ऐतिहासिक पृष्ठभूमि हेर्दा न्याय सम्पादन हिन्दु धर्मशास्त्रमा आधारित नारदस्मृति, मनुस्मृति र कौटिल्यको अर्थशास्त्रबाट गरेको पाईन्छ। काठमाडौंको जिर्ण र भग्न अवस्थामा रहेको केन्द्रिय कारागारलाई नै नेपालको पहिलो कारागार भन्ने गरिएको छ। तर यसै कारागारलाई नेपालको पहिलो कारागार भनेर मान्नका लागि प्राप्त आधारहरू छैनन्। वि.स. १९५१ सालमा बनेको यो कारागार नै पहिलो कारागार भनिन्छ तर त्यस भन्दा अगाडि पनि मानिसलाई थुनिएको तथ्य भेटिन्छ। सन् १९१० सालमा श्री ५ सुरेन्द्रका पालामा मुलुकी ऐन

तर्जुमा हुदा तत्कालिन प्रधानमन्त्री जगं बबहादुर राणाले जेलका पनि स्थिति बाधेका थिए। नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापालाई लगनखेलको एउटा पार्टिमा पाले पहरा सहित थुनिएको थियो। जगं बहादुर राणाले आफ्नो भाईलाई थुन्नका लागि भारतको वेतियामा जेलमा पठाएका थिए। आदिकवि भानुभक्त आर्चायलाई वसन्तपुरको कुमारी चोकमा थुनिएको थियो। यस अर्थमा पनि अपराध र सो बाट पुगेका क्षती, पारिवारिक अवस्था एवं महिलाका जीवनमा उक्त कार्यले निम्तिएका कष्टकर जीवनको विभिन्न पक्षहरूको संक्षिप्त अवस्थाका बारेमा जानकारी लिनु र जानकारी तयार गर्नु आजको आवश्यकता महसुस गरिएको छ। (अपराधशास्त्र, २०७६)

अपराध भनेको समाजमा व्यक्तिलाई हानी नोक्सानी वा खतरा पुऱ्याउने कार्य मात्र नभई कानुन बिरोधी र दण्डनिय कार्य पनि हो । समाजकै सदस्यले सामाजाजिक सामाजिक प्राणिको हैसियतले अपराध गर्ने भएकोले समाज भित्रै अपराध र अपराधिक प्रवृति भई समाजमा नै विकास हुने गर्दछ । अपराध विभिन्न कारणबाट हुन्छ । जस्तै सामाजिक कारण, आर्थिक कारण, पारिवारिक कारण, राजनैनितक कारण, शैक्षिक अवस्था तथा अन्य विविध कारण हुन्छन् । विनाकारण अपराध हुदैन पारिवारिक जिवनमा आर्थिक अभावको कारणबाट कतिपय अपराध बबाध्यात्मक अवस्थामा भएका हुन्छन् । उक्त कारणबबाट जब आपराधिक कार्य हुन्छ, तब राज्यको कानुनद्धारा उक्त कार्य दण्डनिय ठहरियमा अपराधको प्रकृति र मात्रा अनुसार  अदालतको फैसला कार्यान्वयनका लागी बन्दी जिवन व्यतित गर्नु पर्ने हुन्छ । अपराध भैसके पछि कारागारमा बन्दीको अबबधिभर अपराधप्रति बन्दिको धारणामा, व्यवहारमा तथा आचरणमा सकरात्मक सुधार हुदै जाने हो भने बाकी जिवनलाई सहज बनाउन सकिन्छ । अपराधी आफै वा जन्मजात रूपमा कहिल्यै पनि अपराधी भएर आएको हुदैन विभिन्न सामाजिक, सास्कृतिक, आर्थिक, जातिय भेदभाव, मनोवैज्ञानिक, शारिरिक आदी विभिन्न कारक तत्वहरूको कारणले गर्दा मानिसले अपराध गर्न प्गेको हुन्छ । त्यसैले वन्दीसगँ अपराधको नजिकको सम्बन्ध रहेको हुन्छ । (अपराधशास्त्र, २०७६)

## १.२. समस्याको कथन

सामान्यतया सार्वजानिक कानुनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो। अपराधले व्यक्ति र समाजलाई हानी पुर्‍याउदछ। जसलाई नियन्त्रण गर्नका

निम्ती कानुनको व्यवस्था गरिएको हुन्छ। जहाँ नियम कानुनको उल्लघन गर्ने व्यक्तिलाई कानुनले तोके बमोजिम दण्ड दिने कार्य राज्यको हुन्छ।

प्रस्तुत अध्ययन नेपालको परिस्थितिमा जटिल तथा चुनौतिपूर्ण खालको विषयवस्तु भएको छ। किनभने हाम्रो समाजमा कारागार र बन्दी भन्ने वित्तिकै नकरात्मक दृष्टिकोणले हेर्ने गरिन्छ। साथै कारागारलाई नर्कसगँ तुलना गरिएको पाईन्छ। यस विषयप्रति सबै क्षेत्रबाट बिशेष अभिरुचि नदेखाएको वर्तमान अवस्थामा यस अध्ययन कार्यले बन्दीहरूको अवस्थालाई बाहिर ल्याउने छ। कारागारलाई सुधारगृहको रूपमा अगाडि बढाउनका लागि सहयोग गर्नेछ। कारागारभित्र बन्दी जीवन बिताईरहेका बन्दीहरू विभिन्न अपराधमा संलग्न बन्दीहरू, बन्दीहरूमा पनि विवाहित महिला बन्दीहरू र तिनीहरूको धारणा, अपराध गर्नुको कारण, वर्तमान अवस्थामा तीनीहरूको रूपान्तरण हुने चाहना, महिला भएकै कारणबाट सृजित आपराधिक घटनामा संलग्नता, आर्थिक, सामाजिक अवस्थाले निम्त्याएको जोखिम जस्ता सर्न्दभमा विभिन्न प्रश्न उठ्ने गरेका गर्दछन्। यस अर्थमा कारागारमा रहेका बन्दीहरूका उपयुक्त प्रश्नहरूको उत्तर प्राप्त गर्ने समस्याको मुल मर्म रहेको छ।

एउटा महिला शिक्षित भए परिवार शिक्षत हुन्छ, विवाहित महिला नै बन्दी जिवन विताई रहेका छन् भने उनिहरूको परिवारको स्थिती के होला ? बबन्दी जिवन पश्चात पारिवारिक पुर्नस्थापनाको वातावरण सहज वा असहज के होला ? सामाजिक रूपमा बन्दी महिलाहरूलाई हेर्ने दृष्टिकोण कस्तो होला ? परिवार आफन्त र समाजले उठाएका प्रश्नबबाट सम्पुर्ण जिवनमा कस्तो प्रभाव पर्न सक्ला ? बन्दी महिलाको पारिवारिक महत्वका निर्णयहरू आफु बन्दी रहदा कसरी सम्पादन होलान् र परिणाम के निस्केला ? जस्ता विषयहरू अत्यन्तै संवेदनशिल भएकोले अनुसन्धानको विषयर शिर्ष समस्याग्रस्त देखिन्छ ।यस कारण बन्दी महिलाको वैवाहिक अवस्थाको अध्ययन गर्नु अत्यन्तै महत्वपुर्ण मानिएको छ । त्यसैले यस अध्ययनको माध्यमबाट समग्रमा निम्न उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) बन्दी महिलाको वैवाहिक अवस्था कस्तो छ ?

ख) बन्दी महिलाको पारिवारिक आर्थिक अवस्था कस्तो छ ?

ग) बन्दी महिलाको जिवन पद्धती कस्तो रहेकाो छ ?

घ) परिवारप्रति बन्दी महिलाको धारणा कस्तो रहेको छ ?

यिनै प्रमुख समस्यालाई ध्यानमा राखी कास्की जिल्ला कारागारमा रहेका बन्दी विवाहित महिलाहरूको बैवाहिक स्थिति र बन्दी जीवनका बारेमा अध्ययन गर्नु निकै महत्वपूर्ण कार्य महसुस गरिएको छ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुल उद्देश्य कास्की जिल्लाको कारागारमा रहेका बन्दी विाहित महिलाहरूको वैवाहिक जीवनको यथार्थ स्थिति, कारागार व्यवस्थापनमा बन्दहिरूको जनजीवनका बारेमा विश्लेषण गर्नु हो। तापनि यस अध्ययनको विशिष्ट उद्देश्य निम्न बमोजिम केन्द्रित गरिएको छ।

क) बन्दी महिलाहरूको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्ने

ख) बन्दी जीवन पद्धती र पारिवारिक अवस्थाको विश्लेषण गर्ने

## १.४. अध्ययनको महत्व

नेपालमा कारागार र महिला बन्दीको बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन ज्यादै न्युन भएका छन् ती भएका अध्ययनमा पनि खास गरी पुरुष बन्दीहरूसगँ सम्बन्धीत र समग्र बन्दीहरू सगँ सम्बन्धित मात्र भेटिन्छन्। तर विवाहित तथा अविवाहित महिला बन्दीहरूको समस्यालाई उजागार नगरी गरिएको अध्ययनबाट ठोस निर्ष्कष निकाल्न सकिदैन भन्ने मान्यताका आधारमा रहेर महिलाहरूको विवाहित र अविवाहित दुवै स्थितिलाई समेटेर तुलनात्मक रूपमा महिला वर्गको समग्र जीवनमा परेको प्रभावको अवस्थामा केन्द्रित रहेर अध्ययन गरी उपयुक्त तथ्याङ्कहरू प्रकाशमा ल्याउन र कास्की जिल्ला कारागारमा रहेका सबै बन्दी विवाहित महिलाहरूलाई जनसंख्याको रूपमा लिई सुक्ष्मस्तरको अध्ययन गरिने हुनाले यस अध्ययनको शैक्षिक, बिधिगत, विषयगत र क्षेत्रगत छुट्टै महत्व रहेको छ। जसलाई बुदाँगत रूपमा तल उल्लेख गरिएको छ।

क) कारागारमा रहेका बन्दी महिलाको बैवाहिक अवस्थाको बारेमा सुक्ष्म स्तरिय अध्ययनको तथ्यहरूले महलिाको वास्तविक अवस्थालाई नजिकबाट बुझ्न सकिने भएकोले यसको शैक्षिक महत्वका दृष्टिकोणबबाट महत्वपूर्ण स्थान रहने छ।

ख) कास्की जिल्ला कारागारमा रहेका बन्दी विवाहित महिलाहरूलाई जनसख्याको रूपमा लिई सघन गण(ना बिबधिबबाट सुक्ष्मस्तरको अध्ययन गरि अर्न्तवार्ता अवलोकन समेत गरी गरीएकोले विधिगत महत्व रहेको छ ।

ग) बन्दि महिलाको वैवाहिक अवस्थाको अध्ययनले महिलाका समस्या र समस्याले निम्त्याउने घटना, घटनाका परिमाणले गर्दा विवाहित बन्दि महिलाको समग्र जीवनमा पर्न सक्ने प्रभावलाई समेत अध्ययन गरी जानकारी प्राप्त गर्न सकिने हुनाले विषयगत रूपमा पनि अत्यन्तै महत्वपूर्ण मानिएको छ ।

घ) कास्की जिल्ला कारागार गण्डकी प्रदेशका कारागारहरू मध्ये धेरै क्षमता भएको ( ३५० जना अट्न सक्ने) घ श्रेणीको कारागार भएकोले त्यहाँ रहेका महिला बन्दीहरूको संख्यालाई नमूनाको रूपमा लिँदा विभिन्न प्रकारका अपराधमा संलग्न बन्दी महिलाको जानकारी लिन सकिने हुनाले कास्की जिल्ला कारागारलाई क्षेत्रगत हिसाबले पनि निकै महत्वपूर्ण रूपमा लिइएको छ ।

त्यसैले जेल जीवन रहर होइन बाध्यताले निम्त्याएको अवस्था हो त्यसकारण यस अध्ययनले केहि मात्रामा भएपनि बन्दीहरूप्रति जनमानसको धारणामा सकरात्मक परिवर्तन ल्याउन मद्धत पुग्नेछ भन्ने अपेक्षा गरिएको छ।

## १.५. अध्ययनको सिमा

कुनैपनि विषय वस्तुको अध्ययन गर्ने क्रममा सीमा निर्धारण गर्नुपर्ने अपरिहार्यता देखिन्छ। सीमा पूर्व निर्धारण गर्नुको प्रमुख कारण सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तत्वको खाचो तथा निश्चित उद्देश्यमा पुग्नका लागि नै हो।प्रस्तुत सोधकार्य पृथ्वी नारायण क्याम्पस, पोखरा, समाजशास्त्र विभागको स्नातकोत्तर तहको शैक्षिक आवश्यकता पुरा गर्ने अभिप्रायले सम्पादन गरिने भएकोले प्रस्तावित अध्ययन सम्पूर्ण क्षेत्रमा औपचारिक तथा प्रभावकारी नहुन सक्छ। यो निश्चित समय, श्रोत, साधन र बजेटमा आधारित भई गरिएको अध्ययन हो। यस अध्ययन क्षेत्र भित्र नेपालका सम्पूर्ण कारागारमा रहेका बन्दी विवाहित महिलाको अध्ययन गर्न नसके पनि कास्की जिल्लाको समग्र कारागारको अध्ययन गरी बन्दी महिलाको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नु, बन्दी जीवनका बारेमा विश्लेषण गर्नु, कारागार जिवन प्रति बन्दीको धारणा प्रकाश पार्ने

विषयहरूको मात्र अधययन गरिएको छ। यस अध्ययनले समग्र नेपालका कारागारमा रहेका बन्दी विवाहित महिलाहरूलाई सामान्यीकरण गर्न सक्छ भन्ने नै नभएतापनि अध्ययनका लागि केही हदसम्म सहयोगी बन्ने आशा गरिएको छ।

## १.६. शब्दावलीको परिभाषा

यस अध्ययनको मुख्य उद्देश्य कारागार र बन्दीहरूको अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने भएकोले अनुसन्धानको प्रयोजनार्थ केही विशिष्ट प्राविधिक कानुनी शब्दहरूको प्रयोग गर्नुपर्ने आवश्यक भएकोले निम्नानुसार व्याख्या गरिएको छ।

क) **कारागार, झ्यालखाना, जेल** भन्नाले कैदि ववा थुनुवालाई कैद गर्नको निमीत्त बनेको वा तोकिएको घर वा कोठा त्यस्तै अरु कुनै ठाउँ र त्यस घर वा ठाउँले चर्चेको जग्गा समेत, कारागारको काम लिई राखिएको कुनै घर वा कम्पाउण्ड वा जमिन समेतलाई बुझाउदछ। -(कारागार ऐन २०१९)

ख) **बन्दी :** बन्दी शब्दले थुनुवा वा कैदि दुवैलाई बुझाउदछ। यसैले कारागार ऐन २०१९ ले छुट्टा छुट्टै रूपमा परिभाषा गरिएको छ। उक्त ऐनको दफा २ ख मा कैदि भन्नाले कुनै अदालतको फैसला अर्न्तगत सजाय पाई कारागारमा रहेको व्यक्तिलाई जनाउदछ भने सोही ऐनको दफा २ ग मा थुनुवा भन्नाले अपराधको तहकीकात, जाँचबुझ वा पुर्पक्षको लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजानिक सुरक्षा ऐन २०१८ अर्न्तगत थुनामा रहेका व्यक्तिलाई बुझाउदछ।

ग) **आर्थिक कारणबाट हुने अपराधहरू :** यस अर्न्तगत आर्थिक लाभको लागि गरिने अपराध जस्तो : चोरी, ठगी, डकैती, जिउ मास्ने बेच्ने, काठको र र्दुलभ वनजन्तुको ओसारपसार आदी अपराधको प्रकृतिलाई यस अर्न्तगत राखीएको छ।

घ) **आक्रोशबाट उत्पन्न हुने अपराधहरू :**यस अर्न्तगत ज्यान सम्बन्धी, जवरजस्ती करणी, ज्यान मार्ने उद्योग, आदी अपराधको प्रकृतिलाई आक्रोशको नामाकरण दिएर अपराधको प्रकृति वर्गिकरण गरिएको छ।

ङ)	**नाईके :** बन्दीहरूमध्येबाट अगुवाको रूपमा छनौट गरिएको प्रमुख व्यक्ति जसले बन्दीहरूको नेतृत्वको समग्र काम गर्दछ। यस भित्र असल आचरण भएको बलत्कार तथा जबरजस्ती करणीको मुद्धामा नपरेको तथा अधिक समय कैद भुक्तानी गरिसकेको बन्दी मध्येबाट नाईके नियुक्ती हुने प्रावधान समेत रहेको छ ।

च)	**जेलर :** कारागारका बन्दी र समग्र कारागारको प्रशासन लगाएत सबै विषयलाई नेपाल सरकारको तर्फबाट नेतृत्व गर्नका लागि प्रमुखको रूपमा नियुक्ति लिएको निजामती कर्मचारीलाई बुझ्नु पर्दछ। जसले ऐन कानुन अनुसार कार्य सम्पादन गर्दछ।

छ)	**भान्से :** कारागार भित्र खाना बनाउनका लागि बन्दहिरूद्वारा चयन गरिएको व्यक्ति बुझ्नु पर्दछ।

# अध्याय : दुई
# साहित्य समिक्षा

## २.१. सैद्धान्तिक पुनरावलोकन

कुनै विषयको अध्ययन, अनुसन्धान गर्दा सम्बन्धीत विषयका विकसित विभिन्न सिद्धान्त र त्यसलाई पुष्टि सहित परिभाषा गरिएका विद्धानहरूका भनाईलाई अनिवार्य रूपमा उल्लेख गर्नुपर्छ। त्यसै गरी समाजशास्त्र तथा मानवशास्त्रमा गरिएको अनुसन्धानमा समाजशास्त्र तथा मानवशास्त्रकै विभिन्न सिद्धान्तमध्ये सम्बन्धीत सिद्धान्तको उपयोग गरिन्छ। यसरी अनुसन्धान गर्दा बढी बैज्ञानिक, सैद्धान्तिक तथा व्यवहारिक देखिन्छ। त्यसैले यहाँ प्रस्तुत विषयको अनुसन्धान अपराध, अपराधका सिद्धान्तहरू र संरचनात्मक प्रक्रियात्मक एवं घटनाशास्त्रीय सिद्धान्तको नजिक रहेर गरिएको छ।

### २.१.१. अपराध

अपराध भननाले राज्यका नियम कानुनहरूले रोक लगाएका कार्यहरू पर्दछन्। अपराध विभिन्न किसिमबाट घट्दछन्। जस्तो आर्थिक, सामाजिक, मनोवैज्ञानिक, सास्कृतिक, भौगलिक आदी। यस अध्यायको यस खण्डमा अपराध सगँ सम्बन्धीत विभिन्न विदेशी विद्धानहरूका भनाईहरू उल्लेख गरिएको छ।

अपराध यस्तो गल्ती हो जसको परिणाम दण्ड हुन्छ र कुनै व्यक्तिबाट माफी गर्न सकिदैन र माफि गर्ने किसिमको भएमा राजाबाट मात्र माफि गर्न सक्छ - केन्यी १९६६)।

त्यस्तै पार्सन्सले अमेरिकन एकल परिवारको संरचनाका आधारमा महिला भन्दा पुरुष वर्गमा अपराधीको संख्या बढि हुन्छ भन्ने लेखाजोखा गरेका छन्। उनका भनाई अनुसार पूरुषहरूले पेशागत रूपमा महिलाहरूलाई थिचोमिचो गर्छन्। जसले गर्दा उनिहरूले आफ्नो स्थिति प्राप्त गर्दछन्। महिलाहरू परिवारमा बस्दछन् जसले गर्दा उनिहरूको स्थिति परिवार, लोग्ने र बाबुको आयमा निर्भर गर्दछ। (शर्मा, २०६८)।

लोम्ब्रोसोले व्यक्तिका शारीरिक र मनोवैज्ञानिक बिशेषताहरूका आधारमा अपराध वर्गिकरण गरे तर उनले सामाजिक संरचनात्मक शक्तिहरूलाई मान्यता दिएनन् (शर्मा, २०६८)।

इमाइल दुर्खिमले अपराध सशक्तिकरणको मात्र नतिजा होईन, बरु केही उद्देश्यहरू प्राप्त गर्ने सर्न्दभमा चिन्ताको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् (शर्मा, २०६८)।

ग्रिनवर्गले युवा अवस्थामा अपराध चरम अवस्थामा हुने गर्दछ र त्यस पछाडीको उमेरमा क्रमश: घट्दै जान्छ भनेर उमेर समुह अनुरूप अपराधको भिन्नता आउने कुराको उल्लेख गरेका छन् (शर्मा, २०६८)।

### २.१.२. अपराधका सिद्धान्त

अपराध प्रकृति र कारणका सर्न्दभमा विभिन्न समाजशास्त्री तथा अपराधशास्त्रीले धेरै सिद्धान्तको प्रतिपादन गरेका छन्। प्रतिपादन गरिएका सिद्धान्तहरूमध्ये केहि तल प्रस्तुत गरिएको छ।

**क) इच्छाको सिद्धान्त**

डब्लु आई थोमसद्वारा प्रतिपादित यस सिद्धान्तले ग्रहणशीलता, मान्यता, सुरक्षा र नयाँ अनुभव जस्ता ४ वटा इच्छाहरूको कारणले अपराध हुने गर्दछ भनेका छन् । (शर्मा, २०६८)।

**ख) निराश र आक्रोशको सिद्धान्त**

फाइड डोलाआर्ड निराशा र आक्रोश सिद्धान्त प्रतिपादन गरे जस अनुसार निराशाले मान्छेलाई आक्रामक बनाउछ भने आक्रामकताले निराशा उत्पन्न गर्दछ। निराशाको लागि तल्लो स्तरको आर्थिक सामाजिक स्थिति नै हो । (शर्मा, २०६८)।

**ग) विभेदक साहचार्यको सिद्धान्त**

सुथरल्याण्डद्वारा प्रतिपादित यस सिद्धान्त अनुसार कुनै पनि व्यक्तिले अर्को व्यक्तिसगँ कस्तो अन्तरक्रिया गर्दछ। त्यस्तो प्रक्रियाको आधारमा आपराधिक व्यवहार ज्ञात गर्न सकिन्छ। प्राथामिक समुह र जाँड समुह प्रक्रियाबाट प्रभावित हुन्छन् । (शर्मा, २०६८)।

**घ) भूमिकाको सिद्धान्त**

होडिसन्, होफिम्यान, बस्टोमुन्टे र क्लेइनहरूले यस सिद्धान्तको प्रतिपादन गरी पूरुष र महिलाहरूमा आपराधिक गतिविधिहरूको भिन्नताको दरको व्याख्या गरेका छन् । (शर्मा, २०६८)

**ङ) अभावको सिद्धान्त**

फेयरबेन्डद्वारा प्रतिपादित यस सिद्धान्त अनुसार अपराध निराशाले हुने गर्दछ। जसले व्यक्तिहरूलाई अपराध गर्न सहयोग गर्दछ। (शर्मा, २०६८)

**च) संरचनात्मक सिद्धान्त**

यसले समाजवादलाई एउटा प्रणाली वा व्यवस्थाको उपगमनबाट विश्लेषण गर्दछ। सिङ्गो सामाजिक व्यवस्थालाई एउटा पद्धती भनेको छ। समाज र सस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनाक्रमको अध्ययनलाईपूर्ण रुप्मा बुझ्नका लागि यसको कार्य कारण सम्बन्ध पहिल्याउनका लागि सामाजिक, सास्कृतिक यर्थाथतालाई प्रष्ट पार्न सामाजिक व्यवस्थाका सबै संलग्न पक्षहरूको एकिकृत रूप र प्रक्रियालाई अध्ययन गर्नु पर्दछ भन्ने मान्यता यसमा रहेको हुन्छ।

**अ. एकता**

यस संरचनामा प्रक्रियात्मक नमुनाले आधारभुत रूपमा नै समाजको प्रक्रियात्मक एकतालाइ जोड दिन्छ। यसमा समाजलाई एउटा बृहत संरचना मानिन्छ। जहाँ विभिनन ईकाईहरू तथा उपसंरचनाहरूको क्रमबद्ध गठन पाईन्छ। यिनै तत्वहरू तथा भागहरूको संयोजनले नै एउटा सामाजिक व्यवस्था निरन्तर अस्तित्वमा रहेको हुन्छ। विभिन्न इकाईहरूको प्रक्रियात्मक सम्बन्ध एकिकरण र एकताबाट नै समाज विकासको प्रक्रिया निरन्तर चलेको हुन्छ। यसैले यस मान्यता अनुसार समाज समाजका विभिन्न एकाईहरू बीचको एकिकृत र संगठनात्मक स्वरूप हो। यिनै एकाईहरू बीचको प्रक्रियात्मक सम्बन्धले सामाजिक व्यवस्थालाई स्थायित्व दिएका हुन्छन् ।

**आ. विचलित व्यवहार**

समाज जसरी समानता, सहयोग, सद्भाव र सो कार्यबाट सञ्चालित छ। यसैगरी समाजमा असहयोग, द्वन्द्व, प्रतिशोध तथा सघंर्षको स्थिति पनि देखिन्छ। सामाजिक

पृष्ठभूमिमा नै विभिन्न प्रकृतिका सामाजिक व्यवहार र क्रियाकलापहरू उत्पन्न हुन्छन् र तिनको सामाजिक व्यवस्थामा सकरात्मक तथा नकरात्मक प्रभाव पारेका हुन्छन्। यिनै व्यवहारहरूलाई नै स्थापित गर्ने माध्यम सामाजिकीकरण हो। सामाजिक नियन्त्रणका माध्यमबाट प्रत्येक अस्वभाविक, असान्र्दभिक तथा विचलित व्यवहारलाई समाज सापेक्ष पार्ने कार्य गरिन्छ। समाजमा सधै समाज अनुकुलका र समाजलाई प्रत्यक्ष सकरात्मक प्रभाव पार्ने सामाजिक कार्य हुँदैन। सामाजिक विचलित व्यवहार जुन सामाजिक मर्यादाबाट टाढा रहेका, सामाजिक मुल्य मान्यता तथा परम्पराको सिमालई नाघेका निश्चित व्यक्ति तथा समुहको हितलाई मात्र प्रश्रय दिएका व्यवहारहरू समाजमा देखिन्छन्। जसलाई समाजका विचलित व्यवहार भनिन्छ। समाजका विचलित व्यवहारहरूमा अनैतिक कार्य, हत्या चोरी डकैती, भ्रष्टाचार, जुवातास, जाडँ रक्सीको व्यवहार, अरुलाई गाली वेइज्जती गर्ने, धोका कपटी धुर्तता, ठगी आदी पर्दछन्।

सामाजिक विचलन समाजको पृथक व्यवहार हो। जसले समाजको संरचना, गठन र मान्यतालाई विर्गाछ तथा विखण्डन गर्दछ। यस्ता व्यवहारमा समाजको स्वीकृती पाईदैन। कालान्तरमा समाजमा अस्थिरता, भय, बेचैन, अनुत्तरदायिता जस्ता प्रवृतिको विकास हुन्छ।

समाजशास्त्रिय दृष्टिकोण अनुसार सामाजिक विचलनलाई सकरात्मक र नकरात्मक दुबै पक्षबाट विशलेषण गरिन्छ। अझ भन्ने हो भने सामाजिक समुह र समाजहरूको प्रकार्यात्मक स्वरूपलाई प्रक्रियारत बनाउदै तिनको अस्तित्वका लागि सामाजिक विचलनले सकरात्मक र नकरात्मक प्रभाव पार्न सक्दछ। तसर्थ बुझ्नु पर्ने तथ्य के हो भने कस्ता समाजमा कुन प्रकृतिका सामाजिक विचलनहरूको अवस्था किन शुरु भएको छ। किन भिन्न भिन्न प्रकृतिका विचलनहरू समाजमा देखिन्छन् ? यसतर्फ नै समाशास्त्रिय विश्लेषण बढी केन्द्रित हुने गर्दछ। प्रत्येक प्रकृतिका सामाजिक विचलनका उत्पत्तिका लागि समाजमा विभन्न कारक तत्वहरू रहेका हुन्छन्। यसैले सामाजिक यर्थाथताहरू नै सामाजिक विचलनका लागि जिम्मेवार छन्।

इमाइल दुर्खिम समाजका लागि सामाजिक विचलन प्रकार्यरत हुन्छ भन्ने मान्दछन्। यसलाई समाजको प्रकृतिको रूपमा विश्लेषण गरेका छन्। उनले हत्यालाई सामाजिक

जीवनको अनिवार्य र साधारण पक्ष मान्दछन्। समाजका सबै व्यक्तिहरूमा समान किसिमका सामुहिक चिन्तन तथा मुल्य मान्यता र व्यवहारहरू हुँदैनन्। विविध प्रकृतिका सामाजिक अवस्थाले नै व्यक्तिका व्यवहार निर्मित हुन्छन्। उनका अनुसार निश्चित दर माथि भएको हत्याले मात्र समाजमा अकार्य सृजना गराउँछ। सबै सामाजिक परिवर्तहरू सामाजिक विचलनबाटै शुरु हुन्छ। केहि हत्याहरू भविष्यको नैतिकताका लागि पूर्व धारणा बन्दछन्। समाजमा उत्पन्न विचलनबाट नै संगठित र असल समाजका निर्धारकहरू उत्पन्न हुन्छन्। ( शर्मा, २०६८)

समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक उपस्थिति र प्रभावका कारण सामाजिक व्यवहारहरूको विकास हुन्छ। यसैले सामाजिक संरचना भित्रका एकाईहरू बीचको प्रकार्यात्मक सम्बन्धको तह सम्बन्धको आशय तथा अन्योन्याश्रित प्रकार्यको अभावमा सामाजिक विचलनको स्थिति आउछ। प्रत्येक एकाईको भूमिका निर्वाहका सम्बन्धमा उत्पन्न बाधाहरूले पनि सामाजिक विचलनको स्थिति आउँछ।

**छ) घटनाशास्त्रको सिद्धान्त**

यो समाजको अध्ययनमा सुक्ष्म अवधारण हो। घटना शास्त्रिहरूले मानिसले के सोच्दछन्, के अवलोकन गर्दछन्, भन्ने बारेमा जोड दिन्छन्। मानिसले कसरी आफ्ना सोचाई र व्यवहारहरू प्रकट गर्दछन् त्यसको अर्थ कसरी लगाउँदछन्, अरुको भनाई प्रतिको बुझाईको ग्रहण र प्रकटित व्यवहार के कस्तो हुन्छ भन्ने तथ्यको खोजी तिनको कार्य घटनाशास्त्रले गर्दछ। यो शास्त्र दर्शन शास्त्रमा एउटा हलचल हो, जसले व्यक्तिको जागरुकता परिमाण हुने भन्ने तथ्यलाई प्रकट गर्दछ।

घटनाशास्त्रलाई सैद्धान्तिक अवधारणमा राखेर सामाजिक घटना विश्लेषण अलफ्रेड सुजले गरेका हुन्। उनले सामाजिक घटनाको गहन अध्ययन गर्न दैनिक जीवनको तरिकालाई बुझ्नु पर्ने तर्क राखेका छन्। कुनै पनि घटनामा व्यक्तिहरूको सोचाई र धारणा के छ रु त्यसलाई बुझ्नुपर्ने हुन्छ। सामाजिक घटनामा बहुसत्यताका बारेमा पुग्न सकिने तर्क उनको छ। यो व्यक्तिको सोचाई, बुझाई र अवस्थामा भर पर्दछ। उनको अर्को तर्क के

छ भने मानिसले जती बढी सामाजिक सत्यतामाथि सन्देह गर्दछ त्यति नै बढि सत्यताको नजिक पुग्न सक्दछ।

**ज) सिद्धान्तसँगको सम्बन्ध**

कारागारमा रहेका मुद्धाका विभिन्न प्रकृति र प्रवृतिको कारागारको क्षमता भन्दा बढि बन्दीहरू एकै स्थनमा रही एकताबद्ध रूपमा दैनिक क्रियाकलाप व्यवहार गर्दै वर्षौ विताउनु र कारागार प्रशासनसगँ सौहार्द्रपूर्ण सम्बन्धले संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको प्रकार्यात्मक एकताको मान्यतालाई जोडसगँ पक्रेको देखिन्छ।

भिन्न भिन्न सामाजिक पृष्ठभूमिका मानिसहरू विभिन्न अपराधमा संलग्न भएर कारागारमा बन्दी जीवन बिताईरहेको अवस्थाले बिचलित व्यवहारको मान्यतालाई आत्मसाथ गरेको देखिन्छ।

मानिसहरूको आ-आफ्नो बुझाई, सोचाई, धारणा र व्यवहारका कारण भिन्न भिन्न आधारमा संलग्न रही कारागारमा बन्दी जीवन विताउन पुग्नुले घटनाशास्त्रको सैद्धान्तिक मान्यतालाई आत्मसाथ गरेको छ भन्न सकिन्छ।

## २.१.३. सम्बन्धीत पूर्व साहित्यको सिंहावलोकन

मानवशास्त्रको विकाससँगै विश्व रङ्गमञ्चमा कारागारको प्रादुभावभएको देखिन्छ। कारागारको प्रादुभाव सगैं विकास भएको कारागार सम्बन्धी सरकारको दृष्टिकोण पनि समय परिवर्तनसगैं आफूलाई जीवन्त बनाउँदै अगाडि बढेको छ। अपराधलाई निरुत्साहित गर्दै लैजाने उद्देश्यका साथ कारागारलाई सुधारगृहका रूपमा विकास गरी बन्दी गृहको अपराधीरूपी जीवन पद्धतीलाई बदलेर जीवन उपयोगी कार्यमा ल्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था मार्फत् विभिन्न कार्यहरू भएका छन्।

नेपालको सर्न्दभमा हेर्ने हो भने कारागार बन्दीको बारेमा निकै कम अध्ययन भएको देखिन्छ र भएका अध्ययन पनि सिमित रूपमा अध्ययन गरी कुनै एक क्षेलाई मात्र हेर्ने गरेको पाईन्छ। नेपालका कारागार र बन्दीहरूको बारेमा विभिन्न लेख रचना प्रस्तुत प्रतिवेदनबाट प्राप्त गर्न सकिन्छ। कारागार निर्देशिका २०५३ अनुसार कारागार प्रशासनको कार्य पद्धतीलाई तुरुन्तै बुझ्नुपर्ने र तद् अनुकुल कार्य सम्पादन गर्नुपर्ने आवश्यकतालाई

बोध गरी कारागार व्यवस्थापनले भैरहेका परम्परागत नीति, कारागार ऐन, नियम एवं हालसम्मका प्रचलनहरू सबै समेटेर कारागार र बन्दीहरूको जीवन पद्धती बदल्ने गरी विभिन्न उपायहरूको बारे प्रष्ट पारेको छ। यसमा बन्दीहरूको अभिलेख राख्ने भेटघाट र पत्र व्यवहार गर्ने नियम, स्वास्थ्य उपचार, स्थान्तरण विन्तिपत्र वा दरखास्त लगायत आर्थिक पक्ष समेत उल्लेख गरिएको छ। यो कारागार निर्देशिका ठीक ढङ्गले कार्यान्वयन भएमा केहि हदसम्म बन्दीहरूको अवस्थामा सकरात्मक सुधार देखिन्छ।

न्याय सम्पादनका कार्य पद्धतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि संबैधानिक व्यवस्था पनि भएको छ। नेपालको संबिधान २०७२ को धारा १२७ को उपधारा (१) मा नेपालमा (क) सर्वोच्च अदालत (ख) उच्च अदालत (ग) जिल्ला अदालत रहने भन्ने व्यवस्था भएपनि सो को उपधारा (२) मा उपधारा (१) मा लेखिए देखि बाहेक कानुन बमोजिम मुद्धा हेर्न स्थानिय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायको अबलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने उल्लेख छ। तर्सथ सो तिन तहका अदालत बाहेक नेपालमा विभिन्न न्यायाधिकरणका अलावा देश संघियतामा गएपछि स्थानिय तह सरकार मातहतका स्थानिय स्तरमा न्यायिक समिती समेत गरी कम्तीमा पाँच प्रकारका निकायले न्यायिक अधिकार प्रयोग गर्दछन्। जसबाट घर परिवार मात्र नभएर समाजका घट्ने घटनाहरूका मुद्धा लाई न्यायिक प्रक्रिया अनुसार स्थानिय स्तरमा नै समाधानको विकल्प खोज्ने माध्यम तय भएको अवस्थालाई मुख्य उपलब्धीको रूपमा हेर्न सकिन्छ। (नेपालको संविधान २०७२)

प्राप्त अभिलेखहरूको अध्ययनबाट ईन्सेक, आई.सि. आर.सि. यु.एन.महिला शसक्तिकरण अभियान आदी विभिन्न सामाजिक र मानव अधिकारवादी संघसंस्थाहरूद्वारा विशेष गरी महिला तर्फ सिलाई बुनाई, उद्घोषण, शैक्षिक प्रशिक्षण लगायतका ज्ञानवर्द्धक र सिपमुलक कार्यहरू भएको पाईन्छ। आइ.सि. आर.सि. र यु एन मार्फत् कारागारमा पिउने पानीको व्यवस्था मानव अधिकार सम्बन्धी केहि प्रयासहरू भएको पाईएको छ। विभिन्न गैर सरकारी संस्थाहरूले कारगारका बन्दीहरूको भौतिक, सामाजिक तथा मानविय पक्षमा सुधार गर्ने प्रयासहरू गरेको भए तापनि योजनाबद्ध ढङ्गले कार्यान्वयन नहुँदा सोचेजस्तो परिमाण प्राप्त हुन सकेको छैन । (इन्सेक १९९४)।

जीर्ण अवस्थामा कारागारका बन्दीको नारकिय जीवन" शीर्षकमा कारागारमा रहेका बन्दीहरूले कानुन बमोजिम सजाय भोगेर पनि नारकिय जीवन बिताउन बाध्य भएका छन्। वि.स.२०२१ मा निमार्ण भएको जेलको अवस्था अत्यन्तै जीर्ण छ। टीनको छाना पुरानो भएकोले पानी परेको समयमा बन्दीहरू पाल ओडेर बस्नु पर्दछ भनी उक्त लेख प्रकाशित भएको छ। (शर्मा, २०६८)

नेपालका कारागारमा क्षमता भन्दा बढि कैदि, बन्दी राखिने समस्या यस वर्ष पनि दाहोरीय। २५ जना राख्न बनाईएको कारागारमा २ सय ३९ जना राखिएको, ३३ कैदि बन्दी एउटै शौचालयमा प्रयोग गर्नुपर्ने जस्ता बाध्यता त्यहा देखियो। कारागारका नयाँ भवन बनाउने, सुबिा थप्ने विषय चौथो मानव अधिकार र राष्टिय कनर्ययोजनामा समेटिएको भएपनि यस तर्फ खासै प्रगती भएको पाइएन। (मानव अधिकार वर्ष पुस्तक २०१९)

कारागार सुधारका लागि विभिन्न आयोग र समिति वि.स. २००५ साल देखि नै बन्न सुरु गरे। राणाकाल हुदै वि.स. २००८, २०१६, २०४७, २०५३, २०६३, २०६४, २०६८ सालमा सरकारले गठन गरेका उच्च स्तरिय आयोग/ कार्यदलले नेपाल सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसको कार्यान्वयन हुन सकेन।

महान्याधिवक्ताको कार्यालयले मुलुकका ३१ वटा कारागार अनुगमन गरी हिरासत तथा कारागारको अनुगमन प्रतिवेदन तयार पार्‍यो। कारागार बस्दा कैदिमा समाजमा पुर्नस्थापनाका लागि आवश्यक योग्यता, सिप नैतिकता र आत्म विश्वास विकास हुन जरुरी हुन्छ। अहिले झै कारागारको प्रबन्धका भरमा कैद भुक्तान गरी निस्कदा कैदिहरू समाजमा पुर्नस्थापित हुन नसक्ने अध्ययन प्रतिवेदनको निचोड छ। (मानव अधिकार वर्ष पुस्तक २०१९)

कारागार व्यवव्स्थापन विभागका अनुसार मुलुकभर रहेका कारागारमा १०४३३ (थप भएको क्षमता सहित) कैदि/बन्दी राख्न सक्ने क्षमता छ। त्यसै गरी तिन वटा बाल सुधार गृहमा १६ वर्ष मुनिका १ सय ७५ जना बाल कैदि/बन्दी राख्न मिल्ने क्षमता छ। कुल १०६०८ क्षमता रहेकोमा यस वर्ष पुरुष र महिला कैदि/बन्दीको संख्या क्रमशः १८०७४ र १२८६ छ। यस बाहेक ६० जना आश्रित र १०८७ जना विदेशी सहित कुल संख्या २०५०७ देखिन्छ। (राष्ट्रिय मानव अधिकार आयोग २०७४)

थुनामा रहेका उर्जाशिल जनशक्ति उपयोग गर्न राज्यले न्यूनतम पारिश्रमिक तोकि विकासमुलक र रोजगारमुलक कार्यमा परिचालन गर्नुपर्ने जसबाट काम नगरी बस्दा उत्पन्न हुने कुण्ठा र नैरास्य अन्त्य हुन्छ। तर्सथ कैदि/बन्दीको सिप क्षमता र रुचि अनुसार योजना निर्माण गरी आवश्यक तालिमको व्यवस्था गरिनु पर्दछ। कच्चा पदार्थको आपुर्ती देखि कारागारमा उत्पादित सामाग्री विक्रि वितरणका लागि सरकारले बजारको व्यवस्था मिलाउनु पर्दछ। (कान्तिपुर, २०७५ पुष १७)

इन्सेकद्वारा प्रकासित सन् २०१८ र मानव अधिकार उल्लघन तथा ज्यादतीका तथ्यहरूको कारागार र बन्दी शिर्षकमा उल्लेख भए अनुसार ताप्लेजुङ. जिल्लाको ङ. श्रेणिको जिल्ला कारागारको क्षमता २५ जनाको भएपनि २० थुनुवा र ९६ कैदि गरी १ सय १६ जना छन्। क्षमता भन्दा पाँच दोब्बर कैदि तथा बन्दी राखिएकोले व्यवस्थापनमा समस्या छ। वि.स. १९५२ मा निर्माण भएको कारागार भवन पनि जिर्ण छ। सोलुखुम्बु जिल्लाको ङ. श्रेणिको कारागारको क्षमता २५ जनाको छ तर पुरुष ४८ जना र महिला ३ जना गरी ५१ जना कैदि र १७ जना पुरुष र १ जना महिला गरी १८ जना समेत ६९ जना छन्। ओखलढुगां जिल्लाको घ श्रेणिको जिल्ला कारागारको क्षमता २५ जनाको छ। ४७ कैदि र १५ थुनुवा गरी ६२ जना छन्। जसमा ९ जना महिलाछन्। ६५ वर्ष माथिका जेष्ठ नागरिक ५ जना छन्। क्षमता भन्दा दोब्बर कैदि भएकोले व्यवस्थापनमा समस्या छ। २०४५ सालमा बनेको यो कारागारको एउटा भवन पुरानो र जिर्ण छ। ङ. श्रेणिको तेह्थुमको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ८५ कैदि र ८ थुनुवा गरी ९३ जनाको छन् जसमा पाँच जना महिला छन्। एक वर्षिय आश्रित बालक पनि छन्। क्षमता भन्दा झण्डै तीन गुणा बढि कैदि/बन्दी भएकोले व्यवस्थापनमा समस्या छ। २०२८ सालमा बनेको यो कारागारको भवन पुरानो र जिर्ण छ। झापा जिल्लाको ग श्रेणिको जिल्ला कारागारको क्षमता ४ सय जनाको छ। तर ४ सय ७२ कैदि र ६ सय ७ थुनुवा गरी १ हजार ७९ जना छन्। जसमा महिला ९१ जना छन् तीन बालक र दुई बालिका आश्रित छन्। यस वर्ष यो कारागारमा ६ जना कैदि/बन्दकिो मृत्यु भयो।नेपालको दोस्रो ठुलो क्षेत्रिय कारागार सुनसरी जिल्लाको झुम्का कारागारको क्षमता १ हजार ६ सय रहेकोमा १ हजार ६ सय ५६ जना

कैदि/बन्दी छन्। जसमध्य १ हजार ६ जना कैदि र ६ सय ५० जना बन्दी छन्। यहा महिला र बालबालिका छैनन्। यस कारागारमा यस वर्ष दुई जनाको उपचारको क्रममा मृत्यु भयो। काठमाण्डौं जिल्लाको सुन्धारामा रहेको महिला कारागारको क्षमता ३ सय जनाको छ तर ९७ जना कैदि र १ सय ९९ जना थुनुवा छन्। सो कारगारमा आश्रितको रूपमा रहेका ५ बालक र ३ बालिका पनि छन्। १० कैदी र १६ थुनुवा गरी २६ जना विदेशी नागरिक रहेका छन् भने काठमाण्डौं जिल्लामा रहेका ३ वटा कारागारमा ७० वर्ष माथिका २०, क्यान्सर पिडित २, एभ आई भि सक्रमित ३३, पक्षघात रोगी १८ र गम्भिर प्रकृतिका रोगी कैदि र थुनुवाको संख्या ४९ छ। कास्की जिल्लाको घ श्रेणिको जिल्ला कारागारमा ७ सय ६५ जना कैदि बन्दी छन् जसमध्ये कैद तोकिएका पुरुष ५ सय ८३ र महिला ४४ जना छन्। कैद नतोकिएका पुरुष १ सय २९ जना र महिला ९ जना छन्। कारागारको क्षमता भने २ सय ५० जनाको हो। क्षमता भन्दा कैदि/बन्दी बढि भएको कारण खान बस्न स्वस्थ उपचार सँगै सिप तथा ज्ञानका लागि आवश्यक पुर्वाधार आवश्यक छ। त्यस्तै पोखरा स्थित सरागंकोटमा रहेको बाल सुधार गृह ५० जना क्षमताको छ। तर २२ जिल्लका ६२ जना बालक छन्। (इन्सेक २०१९)

कारागार कार्यालय कास्कीको २०७७ असार महिनाको मास्केवारी विवरण अनुसार कास्की जिल्ला कारागारमा कुल ८८५ जना कैदीबन्दी छन् जसमध्ये २०७७ असार मसान्तसम्म कैद तोकिएको पुरुष ५२१ र महिला ३३ जना छन् कैद नतोकिएका पुरुष ३०१ जना र महिला ३० जना छन्। (कारागार कार्यालय कास्की मास्केबारी २०७७)

२०४६ सालमा प्रजातन्त्रको पुनस्थापना भयो। त्यसपछि कारागारहरूको सुधार हुने आशा पनि बलवान भयो। नेपालका कारागारमा लामो समयसम्म आफ्नै घर जस्तै गरी बसेका थिए र ती घरका नेता तथा कार्यकर्ताहरू राज्य संचालनको केन्द्र भागमा पुगे। उनिहरूले यस्ता घररूपी कारागारको दयनिय अवस्था स्वयं भोगेका थिए। यस्तो अवस्थामा कारागारको सुधार होला भन्नु कुनै नौलो र अस्वभाविक विषय पनि थिएन प्रजातन्त्रको पुर्नवहाली पश्चात पंचायतकालमा गरिएका अध्ययन र सुझावलाई अपर्याप्त ठानेर वि.स. २०४७ सालमा बद्रीराम भण्डारीको अध्यक्षतामा कारागार समिति गठन भयो। अरु समितिले

जस्तै यस समितिले महत्वकांक्षी प्रतिवेदन तयार पाऱ्यो। तर त्यो प्रतिवेदन पनि कार्यान्वयनमा जुन हिस्साबाट आउनु पर्दथ्यो आउन सकेन। यद्यपी २०४७ साल देखि बन्दीहरूले पाउने सिधा रकम बृद्धि तथा प्रशासनिक संरचनामा सामान्य परिवर्तन गरेको पाईन्छ। (शर्मा, २०६८)

विभिन्न समयमा सरकार एवं अन्य निकायहरूले गरेका सबै प्रयासहरूमा कारागारको मुख्य तथा भौतिक अवस्थालाई मात्र ध्यान दिन खोजेको देखिन्छ। तर बन्दीहरूको सामाजिक, आर्थिक, सास्कृतिक र बन्दी जीवन लगायतका पक्षमा तथा मानव अधिकारको पक्षमा गहन अध्ययन हुन सकेको छैन। कहिलेकाँही कार्यक्रमहरू सञ्चालन गरिएको पाईएता पनि त्यस्ता कार्यक्रम बन्दीहरूको मनोवैज्ञानिक विषयसँग सम्बन्धीत भएकोले प्रभावकारी ढङ्गले सञ्चालन हुन सकेका छैनन्। र बन्दी जीवन पद्धतीमा सुधार आउन सकेको छैन।

बन्दी महिलाहरूसगँ नेपालका कारागारमा दर्जनौ बालबालिका पनि थुनिएका छन्। आमासँगै कारागारमा बेकसुर बालबालिकालाई स्वभाविक माया ममता शिक्षा दिक्षा र राम्रो लालन पालनबाट बञ्चित गरिएको छ। तिनिहरू चौविसै घण्टा कारागार भित्र बन्दी भ्कै जीवन विताउन बाध्य छन्।

यसरी नेपालका कारागारहरूका बन्दीहरूको सर्न्दभसँग सम्बन्धित सामाग्री ज्यादै न्युन पाईन्छ। पाईएका समाग्रीहरू पनि महिला बन्दीमा सिमित रहेको पाईन्छ। सुक्ष्म किसिमबाट पूर्व साहित्यलाई अध्ययन गरी निष्कर्ष निकाल्दा थुनिएका बन्दीहरू गरिब पारिवारिक पृष्ठभूमिका रहेका छन्। कारागार ऐन स्वास्थ सम्बन्धी स्पष्ट व्यवस्था गरेको भए पनि बन्दीहरूको राम्रो स्वास्थ उपचार गरेको पाईदैन। नेपालमा सबै कारागारमा बन्दीहरूलाई भेडाबाखा भ्कै राखेको देखिन्छ। कारागार ऐनले थुनुवा र बन्दीहरूलाई अलग-अलग राख्न गरेको कानुनी व्यवस्थालाई कारागार प्रशासनले लागु गर्न सकेको छैन। कारागारहरू पुराना र जीर्ण मात्र होईनन् अधिकाशं कारागारहरू साघुँरा चिसा र अन्यन्त्र फोहोर रहेको अध्ययनबाट पुष्टि भयो। अभ्क महिला राखिएका बन्दीहरूलाई प्रायः

कारागारका कोठा कुनै चिसा, कुनै अँधेरा, कुनै हावा नपस्ने, कतै सुत्ने ठाउसँग जोडिएको तथा कतै भान्सासँग जोडिएको शौचालय हुने गरेको समस्या छ।

नेपालका कारागारलाई समाजशास्त्रिय अध्ययन पद्धती अपनाई दुबै पुरुष र महिला वर्गका बन्दीहरूको समष्टिगत अध्ययन अनुसन्धान र प्रकाशित विभिन्न लेखहरूले कारागार र बन्दीहरूका समस्याका बारेमा सामान्य जानकारी उपलब्ध गराएका छन्। जसले गर्दा यस सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति संघसंस्था मानव अधिकारकर्मी, एन.जि.ओ. र आई .एन.जि. ओ समेतलाई थप हौसला मिलेको छ।

## २.२. महिलाबन्दीहरूको वैवाहिक अवस्था

### २.२.१. विवाह सम्बन्धी धारणागत स्पष्टता

मानव विवाहको सुरुवात र इतिहास हेर्ने हो भने विवाह विपरीत लिङ्गहरूको गठबन्धन हो र विवाह सम्बन्धी अवधारणहरूलाई विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने धार्मिक शारीरिक, सामाजिक, आर्थिक र सन्तानोत्तपतिका कारणहरूले विवाह गरिएको हुन्छ। विवाह दुई विपरीत लिङ्ग (एक पुरुष र एक स्त्री) बिचमा गरिने जीवन मिलन हो। हाम्रो कानुनी प्रणाली अनुसार दुई प्रकारबाट विवाह सम्पन्न गर्न सकिन्छ।

१) धार्मिक संस्कार अनुसार

२) विवाह दर्ता ऐन २०२८ अनुसार दर्ताको आधारमा विवाह सम्पन्न गर्न सकिन्छ।

एकै पटक एउटा पुरुषले एक भन्दा बढी महिलासँग विवाह गर्नु र एउटा स्त्रीले एक भन्दा बढी लोग्ने मानिसलाई कति मान्नु दुवै कसुर भएकोले फौजदारी कानुनले यसलाई बहुविवाह ठानी सजाय गर्ने गरेको छ। बहुविवाहलाई दोस्रो विवाह भनेर पनि उल्लेख गरेको पाइन्छ। दोस्रोपछि तेस्रो, चौथो विवाह गर्दा यो यस्तो अपराध हुन गई समाजमा यो यस्तो हुन्छ भन्ने कुनै कानुन व्यवस्था भएर दोस्रो विवाहबाट बहुविवाहलाई पृथक गराएको देखिँदैन, त्यसैले दोस्रो विवाह भन्दा बहुविवाह भन्ने र बहुविवाह भन्दा दोस्रो विवाह समेत हो भन्ने बुझिन्छ। दोस्रो विवाह ठहरिन निम्न अवस्थाहरू कायम रहेको हुनुपर्छ।

- जुन बखत दोस्रो विवाह गरिन्छ त्यस बखत अघिल्लो लोग्ने वा स्वास्नी जीवित रहेकै हुनुपर्छ।

- कानुनको उल्लंघन गरी प्रथम विवाहको अस्तित्व कायम छँदा छँदै दोस्रो विवाह गर्ने व्यक्ति उपर कानुन विपरित हुने भएको कारणले त्यो दोस्रो विवाह बदर हुनुपर्छ ।

- कुनै व्यक्तिले आफ्नो स्वास्नी हुँदा हुँदै वा कानुन बमोजिम पहिलो श्रीमतीसँग सम्बन्धविच्छेद नगरी अर्को विवाह गरेमा बहुविवाह भनिन्छ । मुलुकी अपराध सहिंता २०७४ को दफा १७५ मा विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुहँदैन । कुनै पुरुष विवाह हो भन्ने जानी जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन (अपराधशास्त्र- २०७६) ।

नेपालमा विभिन्न जाती जनजाती बसोबास गर्दै आइरहेको बहुजातिक राष्ट्र हो। यि जाती तथा जनजातीहरूमा भित्र विवाह पद्धतिका आफनै प्रकारहरू रहेका छन्। क्षत्री बाहुनहरूको विवाह साधारण तया आफ्नो जात भित्र मात्र हुन्छ। तर आफ्नै घर भित्र भने पुस्ता जोडन नसकिनेमा पनि दाजुभाई मान्ने चलन हुनुले एउटै थर भित्र साधारणतय बिहे गरी लेनदेन गर्ने चलन हुँदैन। ठकुरी र राणाहरू बाहेक अरुमा फुपु चेली, मामा चेला पनि बिहे गर्दैनन्। बाहुन क्षेत्रिका सबै थर भित्र छोरीलाई पवित्र र पुज्य मानेर चाडपर्वमा टिका लगाई दक्षिणा दिने चलन हुनाले छोरी तर्फका नाती- नातिना, भान्जा-भान्जी र ज्वाईलाई पनि पूण्य कमाउने अपेक्षा पनि गरिएको हुन्छ।

प्राचिन कालमा अनेक कारणले विवाहलाई आदरको दृष्टिले हेरिन्थ्यो। किनभने यसमा मानव विकास, पशुपालन, कृषि आदिमा आर्थिक सामाजिक कारण विद्यमान छन्। विवाह व्यक्तिगत नभएर एउटा पारिवारिक विषय हो। वस्तुत : आरम्भमा वशंलाई अक्षुण्ता बनाई राख्नका लागि सन्तान उत्पादन नै विवाहको प्रमुख उद्देश्य थियो। विवाहलाई यति ठुलो महत्व दिन धार्मिक कारणको पनि ठुलो हात छ।। देवता र पितृको पुजा गर्न पनि सन्तानमा नै निर्भर गर्दछ। जुन विवाहद्वारा नै निर्भर हुन्छ। भविष्य पनि हिन्दु धर्ममा सामाजिक तथा आर्थिक कारणको अपेक्षा धार्मिक कारण नै अधिक महत्वपूर्ण हुन गयो। ( गुरुङ, २०७०)

विवाह दर्ता ऐन बमोजिम गरिएको विवाह बाहेक धर्म जाती र कुलको रितिस्थिति, परम्परा वा चालचलन व्यवहार अनुसार भएको विवाह वा वैवाहिक सम्बन्ध ऐन विपरित नहुने र उल्लेखित ऐन अर्न्तगत दर्ता गर्न सकिने व्यवस्था छ। सामाजिक व्यबहार सुधाार

ऐन २०२८ ले सामाजिक व्यवहार सुसम्पन्न हुने विवाहमा तिलक, दाईजो, जन्त, विवाह भोज आदिमा बढेको प्रतिष्पर्धा, तडक भडक र फजुल खर्च बढ्दै गएकोले मुठिभर धनी वर्ग बाहेक अरु मध्यम र निम्न वर्गमा यस प्रकारको व्यवहारको व्यवहार चलाउन कठिन भएको तथ्यलाई बुझेको देखिन्छ। कानुन द्वारा नियन्त्रण गर्न यो ऐन देखा पर्यो। यसै कारणले सामाजिक व्यवहार सुधार ऐन २०३३ लागु भएको देखिन्छ। (गुरुङ, २०७०)

विवाह संस्कार सम्बन्धी कानुनी विवाहसँग सम्बन्धीत सबै कानुनहरूको संहिताको रूपमा २०२० को मुलुकी ऐन (२०५३ सालको दशौं संशोधन संहिता) रहेको छ। यस मुलुकी ऐनले विवाह दर्ता ऐन सामाजिक व्यवहार सुधार ऐन, व्यक्तिगत घटना ऐन सम्बन्धी प्राबधानहरूलाई पनि समाविष्ट गरेकोले विवाह सम्बन्धी कानुनी लगायत सम्पूर्ण पारिवारिक कानुनको लिखित संहिताको रूपमा मुलुकी ऐन नै रहेको छ। मुलुकी ऐनमा विवाह योग्य उमेर दर्ता विवाह, गैर कानुनी विवाह, शुन्यकरणिय विवाह, सम्बन्ध विच्छेद, माना चामल लगायत विवाह सम्बन्धी लिखित नेपाली कानुनहरू मुलुकी ऐनमा पाईने हुनाले विवाह सस्कार सम्बन्धी कानुनी संहिताको रूपमा पनि मुलुकी ऐन नै रहेको छ। (शर्मा २०५६)

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ बमोजिम विवाहको उमेर २० वर्ष नपुगी विवाह गर्न वा गराउनु हुदैन भन्ने व्यवस्था छ भने मुलुकी देवानी (संहिता) ऐन २०७४ दफा ७० बमोजिम महिला पुरुष दुवैको २० वर्ष नपुगी विवाहवारी गराउन हुँदैन। यस्तो बाहेकमा विवाह गराएकोमा विवाह बदर गराउन सकिन्छ। (पारिवारीक कानून, २०७६)

### २.२.२. बन्दी महिलाहरूको वैवाहिक स्थिति

अपराध हुनुको पछाडी कुनै न कुनै कारण हुन्छन्, कुनै समयको रिसीवी, प्रतिसोध, बदला, आर्थिक संकट, सामाजिक संरचना सस्कार, चाहनाप्रतिको असन्तुष्टि, वैवाहिक जिम्मेवारीले निम्त्याएको पारिवारिक असुरक्षा, आदिका कारण पनि मान्छेले कुनै पनि अनपेक्षित घटना घटाएका हुन्छन्। सामाजिक स्थितिको अध्ययन गर्ने क्रममा वैवाहिक स्थितिलाई महत्वपूर्ण मानिन्छ। हुन त हाम्रो हिन्दु समाजमा वैवाहिक बन्धनमा नबाधिएको पूरुष वा महिलालाई पूर्ण नमान्ने गरिन्छ भने वैवाहिक स्थितिले मानिसको मनोवृतिमा पनि

प्रभाव पार्दछ। विवाहित र अविवाहितलाई हेर्ने क्रममा अविवाहितलाई अपरिपक्व मान्ने चलन हाम्रो समाजमा छ। यी बाहेक बैवाहिक जीवन असफल हुनाले पनि मानिसले समाजमा बसेर गर्ने व्यवहारमा फरक पार्दछ। यहाँ वैवाहिक स्थितिका आधारमा पनि अपराधको प्रकृति के कस्तो छ भनि देखाइएको छ। (अपराधशास्त्र २०७८)

बन्दी महिलाहरूको वैवाहिक स्थितिलाई अध्ययन गर्दा वैवाहिक अवस्था र कस्तो किसिमको वैवाहिक पद्धतिको कारण महिलाहरूमा आपराधिक कारण बन्न पुगेको छ त भन्ने विषयलाई पनि उल्लेख गर्नका लागि वैवाहिक अवस्थाहरूमा अविवाहित, विवाहित, बिधुर, विधवा, सम्बन्ध विच्छेद पृष्ठभूमिलाई महत्वपूर्ण रूपमा लिईएको छ। यसबाट अधिकाशं युवा युवतीहरू अविवाहित, विवाहित वा विवाह गरेर परिपक्व भए पनि राज्यले दिशाबोध र रोजगारीको अवस्था सृजना गर्न नसकेको कारण गरिबीको पिडाले युवा युवतीहरू स्वयं विद्रोही भावनालाई थाम्न नसकी गलत बाटोतर्फ लागेका हुन् भन्न सकिन्छ।

# अध्याय : तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्ला कारागार र बन्दीहरूको अध्ययन क्षेत्र गण्डकी प्रदेश र गण्डकी अञ्चलको सदरमुकामको रूपमा चिनिने कास्की जिल्लाको कारागारमा रहेका बन्दी विवाहित महिलालाई लिईएको छ। विश्वभरका विभिन्न अध्ययन अनुसन्धान र अन्वेषणहरूले विशेष गरी विज्ञान प्रविधि र त्यसको प्रयोगले मानिसको भौतिक पक्ष र त्यसको सुधारमा खास ध्यान केन्द्रित गरेका छन्। नेपालमा पनि थुप्रै खालका नयाँ ठाँउमा अध्ययन, अनुसन्धान भएका छन्। वर्षेनी स्नातकोत्तर अध्ययन पश्चात् ठुलो संख्यामा विद्यार्थिहरूले थुप्रै विविध ठाँउमा अनुसन्धान गरेका छन्। तर मानव, मानवता, मनोचित व्यवहार, अधिकार तथा कर्तव्यका बारेमा गरिने अध्ययन अनुसन्धान अरु विधाको तुलनामा नितान्त भिन्न र ज्यादा महत्वपूर्ण हुन्छन् तर सानो संख्याले पनि यसतर्फ अनुसन्धान गर्न चासो नदेखाएकोले मेरो मुख्य छनौटको रूपमा परेको छ। कारागार भित्र जुनसुकै कारणले बस्नु परेता पनि त्यो मानव हो र विकास श्रोतलाई जोडेर हेर्दा त्यो मानविय श्रोत हो साधन पनि हो। त्यसलाई जतीसुकै हिसाबले परिचालन गर्न सकिन्छ र सकरात्मक रूपमा परिचालन गर्नका लागि के कस्ता उपायहरू हालसम्म प्रयासरत छन् ? के भविष्यमा हुन सक्लान् ? भन्ने प्रश्नको केहि हदसम्म भए पनि उत्तर प्राप्त गर्न हालसम्मका अनुसन्धानका विषय मध्ये यो विषय नितान्त नविन भएको नाताले अनुसन्धान गर्ने योजना बनाउँदा विभिन्न क्षेत्रहरूको गन्तव्यको स्थलका रूपमा मानिने कास्की जिल्ला कारागार नै मेरो छनौटमा परेको छ। कास्की जिल्ला कारागारको सन्र्दभमा पनि प्राय क्षमता भन्दा बढि बन्दी बसीरहन पर्ने अवस्था रहेको र अरु जिल्ला जस्तै यस जिल्ला कारागारमा पनि बन्दीले बन्दी जीवन पद्धति कसरी बिताएका छन् ?खासगरी महिलाहरूको बैवाहिक अवस्था कस्तो रहेको छ ? जेल जीवन मुक्त भए पछिका दिनचर्याको बारेमा रहेको धारणा र उक्त धारणालाई प्रभाव पर्ने तत्वहरू समेतका बारेमा जानकारी लिनु र उनीहरूको कारागार व्यवस्थापन सम्बन्धी धारणा कस्तो छ ? भन्ने

प्रश्नको निर्क्यौल गर्न आफ्नो जन्म जिल्ला अनि कर्म जिल्लामा अवस्थित यस कारागारमा सुक्ष्म अध्ययन गर्ने तिब्र इच्छाले यो विषय चुनिएको छ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान विवरणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर गरिएको छ। यस अनुसन्धानमा कैदिहरूको सामाजिक आर्थिक अवस्था कैदी जीवनप्रति बन्दी विवाहित महिलाहरूको धारणाका साथै कैदिहरूको अपराधको विवरणात्मक अध्ययन गरिएको छ। किनभने यस अनुसन्धानको उद्देश्य प्राप्तीका लागि अध्ययन क्षेत्रका प्रतिनिधीहरूको विस्तृत विवरण सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारीक संरचना आदिका सम्बन्धमा विवरणत्मक अनुसन्धानबाट नै वैवाहिक अवस्था बुझ्न र विवाहले महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्नका लागि उक्त ढाँचाको प्रयोग गरिएको हो ।

## ३.३ अध्ययनको समग्रता र विधि

यस अध्ययनमा अध्ययन अनुसन्धानको समग्र विषयलाई कास्की जिल्ला कारागारका जेलर तथा कार्यालयका अभिलेखहरूलाइ लिईएको छ भने जनगणना विधिको प्राथामिक तथ्याङ्कको रूपमा कास्की जिल्लामा रहेको कारागार कार्यालय, कार्यालयको अभिलेख र कारागारमा रहनु भएका विवाहित ५१ जना महिला बन्दीहरूको उत्तरलाई लिईएको छ। यसका साथै बन्दी महिलाहरूसँगको अन्तरवार्ता गरी पारिवारीक विवरण, वैवाहिक विवरण आदिका आधारमा मौखिक र प्रश्नावलीको माध्यमबाट तथ्याङ्कहरूको संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क श्रोत एवं प्रकृति

यस अध्ययनमा प्राथामिक तथा द्धित्तिय दुबै किसिमका तथ्याङ्कहरू संकलन गरिएको छ। प्राथामिक अध्ययन क्षेत्रमा बन्दीहरू, कारागार प्रमुख, प्रहरी प्रमुख अन्य कर्मचारी, सरोकारवाला आदिसग लिईएको छ। द्धित्तिय तथ्याङ्कको हकमा भने पृथ्वी नारायण क्याम्पसबाट स्वीकृत पुस्तकालयका शोधपत्रहरू, नेपालमा कारागार र बन्दीहरूका बारेमा भएका कानुनी प्रावधान, प्रकाशित, अप्रकाशित पुस्तक, पत्रपत्रिकाबाट साथै विभिन्न समयमा भएका अध्ययन अनुसन्धानबाट लिईएको छ।

## ३.५ नमुना छनौट

यस अध्ययन क्षेत्रको समग्रता कास्की जिल्लाको कारागारलाई लिईएको छ। मिति २०७७ असार महिनामा कारागारमा रहेका ८८५ जना बन्दीहरूमध्ये महिला बन्दीहरूको जम्मा संख्या ६४ जना र ती मध्य ५१ जना विवाहित बन्दी महिलालाई मात्र समाबेश गरी अध्ययन गरिएको छ। किनभने सामान्यतय जेल जीवन र त्यहाँको वस्तुस्थीती बुझ्नु सामान्य मानिसको नजर र बुझाई भन्दा टाढाको विषय हो। त्यसैले विवाहित बन्दी महिलाको अवस्था बुझ्न र उक्त अवस्थाबारे जानकारी गराई आमसर्वसाधारण र जेलको सम्बन्ध जोड्नका लागि कास्की जिल्ला कारागारका विवाहित महिलाहरूलाई नै नमूना छनौट गरिएको छ।

## ३.६. तथ्याङ्क संकलन विधि

यस अध्ययनमा लिईने प्राथामिक तथ्याङ्कहरू अर्न्तवार्ता, प्रश्नावली व्यक्तिगत अध्ययन र अवलोकन मार्फत् संकलन गरिएको छ। सुचना संकलन गर्ने क्रममा बन्दीहरूको हकमा पहिला बन्दी विवाहित महिलाहरूको नामावली उतारेर नाम अनुसार क्रमशः भेटघाट गरी अर्न्तर्वाता लिईएको छ। भने जानकार व्यक्तिहरू, जेलर र प्रहरी प्रमुखबाट जानकारी प्राप्त गरी तथ्याङ्क संकलन गरिएको छ।

### ३.६.१. अन्तरवार्ता अनुसुची

यस अर्न्तवार्ता पद्धति अनुसार यस कारागारमा रहेका सम्पूर्ण बन्दी विवाहित महिलाहरूबाट तथ्याङ्क संकलन गरिएको छ। अन्तरवार्ता लिने क्रममा संरचित प्रश्नावलीका आधारमा अध्ययनकर्ता आफैले पालैपालो सबै विवाहित महिला बन्दीबाट तथ्याङ्क संकलन गरिएको छ। यस पद्धतिमार्फत् बन्दीहरूको उमेर वैवाहिक स्थिति, जातजाती, धार्मिक स्थिति, शैक्षिक स्थिति, आर्थिक स्थिति, बन्दीहरूको स्थान अनुरूप कसुरको प्रकृति, कसुर गर्नाको कारण कसुर गर्दाको उमेर, आरोपित कसुरप्रतिको उनिहरूको धारणा, आदी विषयमा तथ्याङ्क संकलन गरिएको छ।

### ३.६.२. अवलोकन पद्धति

सहभागी अवलोकन विधि सामाजिक अनुसन्धाका लागि निकै उपयोगी तथा लाभकारी मानिएको छ। यस अध्ययनमा सहभागी अवलोकन र अन्तरवार्ता विधिको माध्यमबाट कारागारको प्रत्यक्ष रूपमा आफुले नै अवलोकन गरिएको छ। त्यहाँको वास्तविक वस्तु स्थिति, रहनसहन, सरसफाई, खाना, सुबिधा र संचालनसँग पहुँच आदी विषयमा अवलोकन गरि तथ्याङ्क संकलन गरिएको छ।

### ३.६.३. तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण

प्राथामिक र द्धित्तिय श्रोतबाट प्राप्त तथ्याङ्कलाई उपयुक्त किसिमबाट विश्लेषण गर्न तथ्याङ्कको प्रकृति हेरी संख्यात्मक तथ्यहरूलाई तालिका, प्रतिशतद्वारा प्रस्तुत गएिको छ। प्राप्त सूचनालाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ ।

# अध्याय : चार
# बन्दी महिलाको वैवाहिक अवस्था

यस अध्यायमा मुख्य गरेर कास्की जिल्ला कारागारमा रहेका बन्दी महिलाहरूको वैवाहिक अवस्था, समाजसगँ भएको अन्तरसम्बन्ध र त्यसले पारेका प्रभावहरूको गहिरो सगँ अध्ययन गरी निर्ष्कष निकाल्दै त्यही अवस्थाका कारणले सामाजिक प्रभावको जगमा उसको आर्थिक हैसियत र त्यसले विवाहित महिला बन्दीहरूलाई कुन तहसम्म असर पुरयाउदो रहेछ भनी विश्लेषण गरिएको छ।

## ४.१. वैवाहिक अवस्था

परिवारको स्थापना गर्न दुई वा त्यो भन्दा बढी स्त्री पुरुष बीच आवश्यक सम्बन्ध स्थापना गर्न र त्यस सम्बन्धलाई स्थिर राख्नका लागि कुनै न कुनै संस्थागत व्यवस्था अथवा तरिका प्रत्येक समाजमा पाइन्छ जसलाई विवाह भनिन्छ। विवाह स्त्री र पुरुषलाई पारिवारीक जीवनमा प्रवेश गराउने एउटा संस्था हो । नेपाली समाजमा विगतमा परिवारको स्वरूप संयुक्त परिवारको ढाचामा थियो। तीनचार पुस्ता सम्म परिवारका सदस्यहरू एउटै परिवारमा मिलिजुली बस्दथे। तर वर्तमान अवस्थामा पारिवारिक ढाचामा प्रसस्त परिवर्तन आएको छ। त्यसै गरि परिवारमा अन्तरजातिय विवाह, प्रेम विवाह आदिले पनि प्रश्रय पाएको छ, जसको कारण पनि सामाजिक रूपमा मान्दै आएका सस्कार, व्यक्तिगत स्वतन्त्रता, पारिवारिक उत्तरदायित्व र जिम्मेवारीको बहनमा पनि प्रत्यक्ष वा अप्रतक्ष्य रूपले प्रभाव पारेकै छ। परम्परागत रूपमा चल्दै आएका सस्कार वा संरचनाले आएको फरकपनले गर्दा व्यक्तिको जनजीवनमा वा पारिवारिक मामिलामा सकरात्मक वा नकरात्मक कस्ताो प्रभाव पारेको छ। त्यस्ता प्रभावलाई निस्क्रिय पार्ने वा निरन्तरता दिने बारेमा संवेदनसिल हुने गरि विश्लेषण गरिएको छ। वैवाहिक अवस्था बन्दीसँग सम्बन्ध राख्ने विवाहको उमेर, विवाहको प्रकार, रोजगारीको अवस्था, महिला स्वयमको हैसियत, पारिवारीक निर्णय प्रक्रिया जस्ता पक्षहरूबाट वैवाहिक जीवनलाई निष्कृय पार्ने वा निरन्तरता दिने बारेमा कस्तो भूमिका रहन्छ भनी अध्ययन गरिएको छ ।

### ४.१.१. बन्दी महिलाहरूको वैवाहिक उमेर

कानुनले तोकेको उमेर पुरा भएको महिला वा पुरुषले कानुनको परिधिभित्र रही गरेको विवाह मात्र मान्य हुन्छ । विवाहका सम्बन्धमा नेपालको कानुनी व्यवस्था अनुसार महिला पुरुष दुवैको विवाह गर्ने उमेर २० वर्ष पुरा भएको हुनुपर्ने प्रावधान रहेको छ । कास्की जिल्ला कारागारमा रहेका बन्दी महिलाहरूको वैवाहिक स्थितिको विष्लेशण गर्दा बन्दी महिलाहरूको विवाह गर्दाको उमेरका सर्न्दभमा पनि उत्तर दाताहरूसग जानकारी लिईएको छ। बन्दी महिलाको विवाह गर्दाको उमेरलाई तालिका नं ४.१ मार्फत् विश्लेषण गरिएको छ।

**तालिका नं. ४.१ वैवाहिक उमेर**

| उमेर समुह | विवाहित महिला संख्या | प्रतिशत | अविवाहित महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १५ वर्ष भन्दा कम | - | - | - | - | - | - |
| १५ देखि २० वर्ष | १० | १६ | - | - | १० | १५ |
| २१ देखि ३० वर्ष | २७ | ४२ | ८ | १२ | ३५ | ५५ |
| ३१ देखि ४० वर्ष | १२ | १९ | ३ | ५ | १५ | २४ |
| ४१ वर्ष भन्दा माथि | २ | ३ | २ | ३ | ४ | ६ |
| जम्मा | ५१ | ८० | १३ | २० | ६४ | १०० |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.१ मार्फत के देखाउन खोजिएको छ भने कारागारमा रहेका ६४ जना बन्दी महिला मध्ये ५१ जना विवाहित महिला रहेको छन् र उनीहरूको विवाह गर्दाको उमेर हेर्दा १५ वर्ष देखि २० वर्षको उमेरमा विवाह हुने महिलाको संख्या १० जना अर्थात् १६ प्रतिशत रहेको छ । जुन उमेर विवाहलाई कानूनले मान्यता दिएको उमेर होइन । यो उमेर समूहका विवाहित महिलाहरूको संख्या उल्लेखित संख्या मध्ये तेस्रो ठूलो संख्यामा पर्न आउँछ । त्यसैगरी सबैभन्दा बढी २१ देखि ३० वर्षको उमेरमा विवाह भएको संख्या देखिन्छ । सबैभन्दा कम ४१ वर्ष माथिको उमेरमा विवाह हुनेको संख्या न्यून अर्थात् ३

प्रतिशत छ। यसर्थमा के भन्न सकिन्छ भने बन्दी विवाहित महिलाहरू मध्ये कलिलो उमेरमा विवाह भएको कारण अपरिपक्क उमेरले निम्त्याएका समस्याबाट समेत विवाहित महिलाहरूले अपराधिक घटनामा संलग्न हुने गरेको देखिन्छ।

### ४.१.२. बन्दी महिलाहरूको विवाहको प्रकार

नेपालमा विभिन्न प्रकारका विवाह सस्कार अनुसार विवाह भएको पाईन्छ। कास्की जिल्ला कारागारमा रहेका बन्दी महिलाहरूको वैवाहिक अवस्थालाई विवाहको प्रकारले पारेको प्रभावका सन्दर्भमा पनि जानकारी लिएको छ, जसलाई तालिकामा यसरी देखाएको छ।

**तालिका नं. ४.२ विवाहको प्रकार**

| विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक परम्परा अनुसार मागी विवाह | ३६ | ७०% |
| प्रेम विवाह | १२ | २४% |
| अर्न्तजातिय विवाह | ३ | ६% |
| धार्मिक विवाह | - | - |
| जम्मा | ५१ | १००% |

श्रोत: क्षेत्रगत अध्ययन, २०७७

तलिका नं. ४.२ मा उल्लेख तथ्याङकको संख्यात्मक विवरण हेर्दा के भन्न सकिन्छ भने अपराधिक घटनामा संलग्न भई बन्दी हुने विवाहित महिलाहरू मध्ये सामाजिक परम्परा अनुसार मागी विवाह भएका ३६ जना अर्थात् ७० प्रतिशत देखिन्छ। सबैभन्दा कम अन्तरजातिय विवाह गर्ने ३ जना अर्थात् ६ प्रतिशत मात्र छन्। यसबाट के प्रष्ट हुन सकिन्छ भने सामाजिक परम्परा अनुसार मागी विवाहमा पनि वैवाहिक जीवनलाई सफल पार्न सकिरहेका छैनन् र विवाहित महिलाहरू अपराधिक कार्यमा संलग्न रहेको देखिन्छ।

### ४.१.३. बन्दी महिलाको पूर्व रोजगारीको अवस्था

रोजगारी भन्नाले आफ्नो श्रम, सीप ज्ञान, स्रोत साधन र पूजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय संचालन वा त्यस्तै कुनै उद्यममा वा आय आर्जन गर्ने कार्यहरू हुन्। जसबाट दैनिक जीवनयापन गर्न सजिलो हुन्छ। विवाहित बन्दी महिला र उनीहरूको पूर्व रोजगारीको स्थितिलाई अध्ययन गर्नका लागि रोजगारीको अवस्था के कस्तो थियो र रोजगारीका कारणले आपराधिक कार्यमा संलग्न हुन के कस्तो भूमिका रहेको छ भन्ने विषयमा जानकारी लिइएको छ। बन्दी महिलाको पुर्व रोजगारीको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.३ रोजगारीको अवस्था**

| रोजगारीको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी संस्था | - | - |
| गैर गैरकारी संस्था | ५ | १०% |
| अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | ७ | १४% |
| अन्य | १५ | २९% |
| बेरोजगारी | २४ | ४७% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.३ मा उल्लेख गरिएको तथ्याङ्कबाट सबैभन्दा बढी बन्दी विवाहित महिलाको तथ्याङ्क २४ जना अर्थात् ४७ प्रतिशत हुनुमा वेरोजगारी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। यसका साथै अन्य रोजगारीको स्थितिमा रहेका महिलाहरूको संख्या पनि छ तापनि वेरोजगारीको कारणले गर्दा बढी समस्या उत्पन्न भएको पाइएको छ। यसबाट पनि के स्पष्ट हुन सकिन्छ भने बेरोजगारीको समस्याबाट ग्रसित दैनिक जीवनयापनलाई सहज बनाउनका लागि विवाहित महिलाहरू समेत अपराधिक कार्यमा संलग्न भएका हुन् भन्ने चित्रण गर्न सकिन्छ।

### ४.१.४. परिवारमा बन्दी महिलाको हैसियत

विवाहित महिला बन्दीहरू र निज आफ्नो परिवारमा घरमुली भएको आधारमा के कस्तो सम्बन्ध रहेको छ। सामाजिक मूल्यमान्यताहरूसँगै जोडिएर आउने महिलामुली हुनु र नहुनुमा के कस्तो प्रभाव रहेको छ भनी तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.४ महिलाको हैसियत**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला घरमुली भएका महिला | ५ | १०% |
| महिला घरमुली नभएका महिला | ४६ | ९०% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.४ मा उल्लेखित तथ्याङ्कको आधारमा बन्दी विवाहित महिलाहरू घरमुली भएको न्युन प्रतिशत अर्थात् १० प्रतिशत मात्र छ भने अधिकांश बन्दीहरू अर्थात् ९० प्रतिशत महिलाहरू घरमुली छैनन् । यसको के अर्थ निकाल्न सकिन्छ भने घरमुली हुनु घरको जिम्मेवारी समाल्नु पनि कसुरका कार्यहरूमा संलग्न हुने प्रवृद्धि कम हुन्छ ।

### ४.१.५ पारिवारिक निर्णयमा बन्दी महिलाको अवस्था

महिला र पारिवारिक महत्वका निर्णय कार्यान्वयनका सन्दर्भमा हेर्दा अझै पनि नेपाली समाजमा परिवारका महत्वपूर्ण निर्णयमा महिलाहरूलाई सहभागि नगराईने प्रचलन त रहिनै रहेको छ। त्यसमा पनि विवाहित महिला बन्दीहरूलाई परिवारमा हुने मुख्य मुख्य कार्यहरू विवाह र अन्य उत्सव, सम्पत्ती किनबेच, पैत्रिक सम्पत्ती भोगचलन अंशबण्डा लगायतका पारिवारिक महत्वपूर्ण विषयमा परिवारमा निर्णय लिदा विवाहित महिला बन्दीलाई जानकारी दिने गरेको वा नगरेको वा उक्त निर्णय प्रकृया के कसरी कार्यान्वयन हुने गरेको छ भन्ने सन्दर्भमा अध्ययन गर्दा महिला बन्दीहरूलाई प्रश्नावलीको माध्यमबाट निकालिएको निष्कर्ष तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.५. निर्णय कार्यान्वयनको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निर्णय कार्यान्वयन हुने गरेको | ६ | १२% |
| निर्णय कार्यान्वयन हुने नगरेको | २१ | ४१% |
| कुनै जानकारी नै नभएको | २४ | ४७% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.५ मा उल्लेखित तथ्याङ्कलाई हेर्दा पारिवारीक निर्णय गर्दा विवाहित महिलाहरूको धारण अनुसार निर्णय कार्यान्वयन हुने संख्या अत्यन्तै न्यून अर्थात् १२ प्रतिशत मात्र छ। पारिवारीक निर्णय गर्दा बन्दी महिलाहरूलाई कुनै जानकारी नै नभएको संख्या अत्यन्त बढी अर्थात् ४७ प्रतिशत देखिन्छ। उल्लेखित तथ्याङ्कको आधारमा पनि महिलालाई परिवारले महत्व नदिने र परिवारमा कुनै पनि महत्वपूर्ण कार्य गर्दा महिलाको विचार धारणा वा भावनालाई महत्व नदिएकोले पनि अपराधिक घटनामा संलग्न भएको देखिन्छ।

### ४.१.६. पारिवारिक तथा सामाजिक पुर्नस्थापनाप्रति बन्दी महिलाको धारणा

कुनै पनि परिस्थितीको कारण परिवारबाट अलग्गिए पश्चात् पुनः परिवारमा नै फर्कने वा स्थापित हुने अवस्था पुर्नस्थापना हो। अपराध स्वईच्छाले होस या बाध्यताले वा अकल्पनिय परिस्थितिले भएपनि परिवारवाट अलग्गिएको व्यक्तिको पारिवारिक पुर्नमिलन वा पुर्नस्थापना हुन असहज त हुन्छ नै। अझै महिलाको परिप्रेक्षमा हेर्दा पारिवारिक पुर्नस्थापना गर्न निकै कठिन हुन्छ। त्यसमा पनि अपराधका क्रियाकलापमा संलग्न भई सजाय पाईसकेको विवाहित महिला बन्दीहरूप्रति परिवार र समाजले गर्ने नकरात्मक टिका टिप्पणी र असहज व्यवहार परिकल्पना गर्दापनि पुर्नस्थापनाको कार्य सहज छैन। बन्दी जीवन व्यतित गरिसकेपछि घर फर्किदा उक्त व्यक्तिप्रतिको परिवार र समाजको सकरात्मक सोचले नै बाँकी जीवन सहज र अर्थपूर्ण बनाउन सहयोग मिल्दछ र यसले आत्म विश्वास पनि

बढाउछ। पुर्नस्थापना सम्बन्धि बन्दी महिलाको धारणालाई तालिका नं.४.६ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.६ पुर्नस्थापनाप्रतिको धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुर्नस्थापना हुने पूर्ण विश्वास भएको | ४ | ८% |
| पुर्नस्थापना हुने सम्भावना नभएको | २१ | ४१% |
| थाहा नभएको | २६ | ५१% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.६ मा उल्लेखित तथ्याङ्कबाट के स्पष्ट हुन सकिन्छ भने बन्दी विवाहित महिलाहरू बन्दी जीवन व्यतित पश्चात घर फर्किने वा अन्यत्र कहाँ जाने भन्ने ठेगान नभई अन्योलमा रहेको संख्या ५१ प्रतिशत छ। घरमा पुनर्स्थापना हुने सम्भावना नभएको महिला संख्या २१ अर्थात् ४१ प्रतिशत छ। यसले के अर्थ राख्छ भने अपराधिक कार्यले गर्दा परिवारबाट अलग्गिएको बन्दी विवाहित महिलाहरू परिवारमा पुर्नस्थापनाको सम्भावना अत्यन्तै न्यून भएकोले गर्दा पारिवारीक विखण्डन हुने सम्भावना बढी देखिन्छ ।

### ४.१.७. घटनाप्रति बन्दी महिलाको धारणा

कुनैपनि घटना घट्नुमा केहि कारण त हुन्छ नै, यहा के अध्ययन गर्न खोजिएको हो भने अपराधीक कार्यबाट जेल जीवन व्यतित गरी रहेका विवाहित महिला बन्दीहरूलाई आफूले गरेको अपराधीक घटनाप्रति खास गरी कुन कारणबाट आपराधिक कार्यमा संलग्न्न हुन उत्प्रेरित वा बाध्य गराउदो रहेछ त भन्ने विषयमा अध्ययनबाट निर्ष्कष निकाल्नका लागि उत्तरदाताबाट आएका उत्तरहरूलाई तलको तालिकामा  देखाइएको छ।

**तालिका नं.४.७. घटनाप्रतिको धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक कारण | ८ | १६% |
| घरायासि/ पारिवारिक कारण | ३० | ५९% |
| व्यक्तिगत कारण | ३ | ६% |
| अन्य/साथी संगती | १० | १९% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं. ४.७ मा उल्लेख गरिएको तथ्याङ्क हेर्दा अपराधिक कार्यमा व्यक्तिगत कारणबाट न्यून अर्थात् ६ प्रतिशत मात्र छ भने घरायसीक पारिवारीक र साथी संगतिका अन्यकारणबाट बढी संलग्न रहेको देखिन्छ। यसबाट के स्पष्ट हुन्छ भने अपराध व्यक्तिगत कारणबाट मात्र नभई घरायसी समस्या समाधान गर्न वा पारिवारीक समस्याको समाधानको विकल्प खोज्ने र साथी संगतिको लहैलहैमा लागेर समेत अपराधिक कार्यमा रहेका हुन् भन्ने देखिन्छ।

# अध्याय पाँच

# बन्दी महिलाको जीवन पद्धति र पारिवारीक अवस्था

## ५.१. महिलाको जीवन पद्धति

कुनै पनि व्यक्ति जन्मेपछि जीवनयापनमा क्रममा विभिन्न अवस्थाहरू आउछन् जस मध्ये जीवनसँग प्रत्यक्ष प्रभाव पार्ने उमेर, बसोबास गर्ने स्थान, शैक्षिक अवस्था, धर्म संस्कार, पारिवारीक संरचना, आर्थिक अवस्था, स्वामित्व, आय आर्जन, पेशा व्यवसाय जस्ता महत्वपूर्ण पक्षहरूलाई अवलम्बन गरी जीवनयापन गर्नु नै जीवन पद्धति हो । व्यक्तिको जीवनमा प्रत्यक्ष सरोकार राख्ने उल्लेखित पक्षहरूले कसुरसँग कस्तो प्रभाव पारेको छ भनी यहाँ विभिन्न उपशिर्षकका माध्यमबाट विश्लेषण गरिएको छ ।

### ५.१.१. बन्दी महिलाको उमेर

मानिसको उमेरले उसको बाहिरी विश्वलाई हेर्ने र त्यसलाई अर्थ लगाउने क्षमतामा प्रभाव पार्दछ। मानिस उमेर सगैं सामाजिकीकरणको प्रक्रियामा अगाडि बढिरहेको हुन्छ र उमेर सगै मानिसमा परिपक्वता बढ्दै जान्छ। यर्सथ विवाहित महिलाहरूको संख्याको अवस्थालाई पनि जानकारी गराउने उद्देश्यका साथ उमेर समुहको विश्लेषण विश्लेषण गरिएको छ।

**तालिका नं. ५.१. बन्दी महिलाको उमेर**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १५ देखि २४ वर्ष | २० | ३१% |
| २५ देखि ३४ वर्ष | ३१ | ४८% |
| ३५ देखि ४४ वर्ष | ५ | ८% |
| ४५ देखि ५४ वर्ष | ५ | ८% |
| ५५ भन्दा माथी | ३ | ५% |
| जम्मा | ६४ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन, २०७७

तालिका नं ५.१. मा कारागारमा रहेका बन्दीहरूको उमेरलाई १० वर्षको अन्तरालमा उमेर समुह बनाएर राखिएको छ र यसरी हेर्ने क्रममा १५ वर्ष भन्दा माथि देखि ५५ वर्ष र सो भन्दा माथिसम्मका विभिन्न उमेर समुह बनाएर उल्लेख गरिएको छ। यसरी उमेर समुहलाई हेर्दा सबैभन्दा बढि ४८ प्रतिशत बन्दीहरू २५-३४ वर्ष उमेर समुहका छन् भने सबैभन्दा कम ३ प्रतिशत बन्दीहरू ५५ भन्दामाथि उमेर समुहका पर्दछन्। माथिको तालिका हेर्दा के देखिन्छ भने सामाजिक व्यवहार तथा लैगिंक भेदभावका विरुद्ध विद्रोह गर्ने साथै सामजिक मुल्य मान्यतालाई वेवास्ता गर्ने किशोर किशोरी र युवा अवस्थामा बढि हुने गर्दछ भन्ने मान्यतालाई देखाउन खोजेको पाईन्छ।

### ५.१.२. बन्दी महिलाको शैक्षिक अवस्था

शिक्षालाई आधुनिकीकरणको ढोकाका रूपमा मानिन्छ। शिक्षाले मानिसलाई कुन कुरा ठिक, कुन कुरा बेठिक छुट्याउने शक्ति प्रदान गर्दछ। साथै शिक्षाले व्यक्तिलाई नयाँ विचार र प्रविधिलाई कसरी लिने र कति लिने भन्ने भन्ने कुरामा पनि सहयोग पुऱ्याउँदछ। कास्की जिल्लामा रहेका बन्दीहरूको शैक्षिक अवस्थालाई हेर्दा साक्षर र निरक्षर कति छन् भनी तालिका नं. ५.२ को तथ्याङ्कबाट देखाउन खोजिएको छ।

**तालिका नं. ५.२ बन्दी विवाहित महिलाहरूको शैक्षिक स्थिति**

| शैक्षिक स्थिति | महिला | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| साक्षर | ४६ | ९०% |
| निरक्षर | ५ | १०% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन २०७७

कुल विवाहित महिला बन्दीहरूमा ९० प्रतिशत बन्दीहरू साक्षर छन्, भने १० प्रतिशत निरक्षर विवाहित महिला रहेका छन्। यसरी बन्दीहरूको साक्षरता र निरक्षरताको स्थिति हेर्ने क्रममा जसले साधारणतय लेख्न र अकं अक्षर पढ्न सक्छन्।

### ५.१.३. बन्दी महिलाको धार्मिक अवस्था

संसारका सबै धर्मले मानिसलाई सदाचार सत्कर्म तर्फ प्रेरित गरिरहेको हुन्छ। प्राय : मानिसहरूले एउटा न एउटा धर्म अगांल्ने गरे पनि उक्त धर्मले दिएका वा दिन खोजेका कुराहरूलाई आफ्नो व्यक्तिगत स्वार्थपुर्ति गर्ने क्रममा लत्याउने गर्दछन्। यस कारागारमा रहेका बन्दीहरूको धार्मिक स्थिति तालिका नं ५.३ मा देखाईएको छ।

**तालिका नं ५.३. धार्मिक स्थिति**

| धर्म | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४१ | ८०% |
| बौद्ध | ५ | १०% |
| मुस्लिम | ३ | ६% |
| क्रिश्चियन | २ | ४% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन २०७७

तालिका नं. ५.३ मा उल्लेखित तथ्याङ्क हेर्दा मुस्लीम, बौद्ध, क्रिश्चियन धर्म मान्नेको सख्यामा बन्दी महिलाहरूले हिन्दु धर्ममा आस्था राख्नेको संख्या बढी देखिएको छ भने क्रिस्चीयन धर्म मान्नेको संख्या न्यून देखिएको छ ।

### ५.१.४. बन्दी महिलाको जातिगत विवरण

नेपालमा विभिन्न प्रकारका जातजातीहरूको बसोबास रहेको छ। जातियताकै आधारमा भेदभावपुर्ण व्यवहार र भेदभावले गर्दा विभिन्न समयमा विभिन्न स्थानमा घटनाहरू हुन्छन् । कास्की जिल्ला कारागारमा रहेका बन्दीहरू कुन कुन जातीका छन् र

कुन जात जातीको बाहुल्यता बढि छ भनी जात जातिय विवरणलाई तालिका नं. ५.४. मा विश्लेषण गरिएको छ।

**तालिका नं ५.४ जातिगत विवरण**

| जात जातीहरू | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ६ | १२% |
| क्षेत्री | ११ | २१% |
| नेवार | ४ | ८% |
| गुरुगं | ७ | १४% |
| दमाई, कामी, सार्की (दलित) | १४ | २७% |
| मगर | ४ | ८% |
| मुस्लीम | ५ | १०% |
| जम्मा | ५१ | १००% |

श्रोत : क्षेत्रगत अध्ययन २०७७

तालिका नं. ५.४ मा उल्लेखित तथ्याङ्कलाई हेर्दा सबैभन्दा दमाइ, कामी, सार्की जातिहरू सबैभन्दा बढी २६ प्रतिशत, त्यसपछि क्षेत्री ११ प्रतिशत र क्रमश ब्राम्हण, गुरुङ, मुस्लिम र नेवार संख्यात्मक हिसाबबले न्यून हुँदै गएको देखिन्छ। यसका साथै विद्यमान जातिय भेदभाव सहन गर्न नसकेर पनि आपराधिक कार्यमा संलग्न रहेको होकी भन्ने अनुमान गर्न सकिन्छ।

### ५.१.५ स्थानगत आधारमा बन्दी महिलाको अवस्था

भौगोलिक, सांस्कृतिक विविधतापूर्ण विशेषताले पूर्ण भएको देश नेपाल, भौगोलिक रूपमा सात प्रदेश, १४ अञ्चल, ७७ जिल्ला, ७५३ स्थानिय तहमा विभाजित सास्कृतिक, रूपमा बहुजातिय, बहुभाषिक, बहुधार्मिक रूपमा सजिएको समाज र सामाजिक परम्परा यहाँ भेट्न सकिन्छ। सबैको विश्लेषण गर्न सम्भव नभए पनि समाजको एउटा पाटो मात्र नभई क्षेत्रगत हिसाबले हेर्दा गण्डकी प्रदेशको केन्द्रको रूपमा रहेको कास्की जिल्ला कारागार

क्षेत्रभित्र पर्ने बन्दीहरू कुन स्थानका रहेछन् भन्ने कुरा बुझ्नका लागि उहाँहरूको जिल्ला ठेगाना मात्र लिईएको थियो। जसलाई तलको तालिकाबाट प्रष्ट बुझ्न सकिन्छ।

**तालिका नं ५.५ : स्थानगत विवरण**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| कास्की | ६ | १२% |
| स्याङ्गजा | ५ | १०% |
| पर्वत | ४ | ८% |
| बागलुङ्ग | ६ | ११% |
| तनहु | ९ | १८% |
| अन्य जिल्ला (अनुत्तरित) | २१ | ४१% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन, २०७७

तालिका नं. ५.५ लाई अध्ययन गर्दा बसोबास गरेको आधारमा सबैभन्दा बढी अनुत्तरित ४१ प्रतिशत, तनहुँ जिल्लाका १८ प्रतिशत, कास्की र बागलुङका ६ प्रतिशत र सबैभन्दा कम स्याङजा र पर्वत जिल्ला देखिन्छ। यस तथ्याङ्कबाट हेर्दा शहरी क्षेत्र बढी भएका जिल्लामा अपराधिक कार्य हुँदा रहेछन् भन्ने बुझिन्छ। त्यस्तै अनुत्तरित धेरै प्रतिशत हुनुमा बन्दीहरू अन्यत्र जिल्लाको भए पनि रोजगारीको शिलशीलामा शहरी क्षेत्रमा बसोबास गर्ने र सोही स्थानमा नै अपराधिक क्रियाकलापमा संलग्न भएकोले बसोबासको स्थान एकिन गर्न मुस्किल भएको देखिन्छ।

### ५.१.६. पारिवारिक संरचनाका आधारमा बन्दी महिलाको अवस्था

मानव समाजको विकास प्रक्रियामा जव कृषि समाजको सुरुवात भयो, तब परिवार, निजी सम्पति र विस्तारै राज्यको पनि सुरुवात र विकास भयो। विकास प्रक्रिया अनुसार परिवार बृहत, संयुक्त र एकल गरी तीन किसिममा विभाजन भएको पाइन्छ। वर्तमानमा आईपुग्दा बृहत परिवारको अवधारणा हराईसकेको छ भने संयुक्त परिवारको पनि औधोगिक

समाजको विकासको गतिसगैं नगन्य अवस्थामा देखिन थालेको छ। कृषिको प्रभाव बढि रहेको स्थानमा भने प्रभाव पूर्ण रहेको छ। परिवारको किसिमबाट पनि उनिहरूको स्थान र सामाजिक अवस्थाको विश्लेषणमा सहयोग पुग्ने हेतुले बन्दीहरूलाई प्रश्न गरिएको थियो। बन्दी महिलाको पारिवारिक संरचनाको अवस्थालाई तालिका नं. ५.६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.६. पारिवारीक संरचना**

| परिवारको किसिम | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | १७ | ३३% |
| एकल | ११ | २२% |
| अनुत्तरित | २३ | ४५% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन, २०७७

तालिका नं. ५.६ लाई विश्लेषण गर्दा बन्दी महिला एकल पारिवारीक संरचनाका सबैभन्दा न्यून २२ प्रतिशत संयुक्त परिवारका ३३ प्रतिशत र सबैभन्दा बढी ४५ प्रतिशत अनुत्तरित देखिन्छ। शहरी सुविधाको रहर र आवश्यकताले परिवार छोडी अलग्गिए पछि आफू एकल परिवारको हो वा संयुक्त परिवारको हो छुट्याउन अप्ठ्यारो मानि अनुत्तरितको संख्या बढी देखिएको अनुमान गर्न सकिन्छ।

## ५.२ बन्दी महिलाको आर्थिक अवस्था

मानव समाजको उत्पति देखि वर्तमान जटिल समाजको विकासक्रम सम्म आईपुग्दा ऐतिहासिक विकासक्रमलाई अध्ययन गर्दा परिवार र उसको आर्थिक स्थितिले समाज निमार्ण प्रक्रियामा विशिष्ट र महत्वपूर्ण भूमिका निर्वाह गरेको पाईन्छ। सामाजिकीकरणको महत्वपूर्ण इकाई परिवार आधार संरचनाको मुख्य अगं आर्थिक पक्षले सिगो सामाजिक संरचनालाई प्रभाव पार्दछ। त्यसैले सामाजिक संरचनाको मुख्य आधार पारिवारिक र आर्थिक पक्ष हो भन्न सकिन्छ। कारागारमा आउने व्यक्तिहरू पनि समाजबाटै आउने हुनाले उनिहरूको

पारिवारिक र आर्थिक अवस्थाको प्रभाव कारागारको समाजमा पनि पर्ने नै भयो। साथै कस्तो आर्थिक अवस्था भएका बन्दीहरू कसुर गर्दा रहेछन् भन्ने कुराको निम्ती पनि यो शिर्षकलाई महत्वमा राखिएको हो। बन्दी महिलाको आर्थिक अवस्थाको विभिन्न पक्षहरूको विभाजन गरि तालिकाद्धारा तथ्याङ्कको प्रस्तुती र विश्लेषण गरिएको छ।

### ५.२.१ बन्दी महिलाको पारिवारिक भु-स्वामित्व

नेपालको कुल भुभागको १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर भए भनि खेतीयोग्य जमिनको मात्रामा धेरै कम छ। डाडाकाडाले भरिएको हाम्रो देश खेतीयोग्य जमिनको वितरणमा समानता छैन। कुल खेतीयोग्य जमिनको ५५.७ प्रतिशत तराई क्षेत्रमा छ भने पहाडी क्षेत्रमा ३७.४ प्रतिशत छ। पहाडी क्षेत्रको यो जमिन पनि प्राय भिरालो साथै सिंचाई सुविधा नपुगेको छ। पहाडी क्षेत्रमा रहेका मानिसहरूका सरदर भु-स्वामित्व बढि भएपनि खेतियोग्य जमिनको भु-स्वामित्व ज्यादै कम छ। तलिका नं. ५.७ मा कारागारमा रहेका बन्दीहरूको भु-स्वामित्वको बारेमा उल्लेख गरिएको छ।

**तालिका नं. ५.७ भु-स्वामित्वको अवस्था**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| भु स्वामित्व नभएका | १५ | २९% |
| ० देखि ५ रोपनीसम्म भएका | २५ | ४९% |
| ६ देखि १० रोपनीसम्म | ५ | १०% |
| ११ रापनी भन्दा माथि | ६ | १२% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन, २०७७

तालिका नं. ५.७ लाई अध्ययन गर्दा बन्दी महिलाको परिवारको जमिनको स्वामित्व नै नभएको संख्या २९ प्रतिशत छ भने ११ रोपनी भन्दा माथि जमिनको स्वामित्व रहेको संख्या १२ प्रतिशत रहेको छ। उक्त अवस्थालाई हेर्दा जग्गा जमिनको अभावबाट सिर्जना हुने पारिवारीक समस्याका कारण अपराधमा संलग्न हुन सक्ने सम्भावनाहरू देख्न सकिन्छ।

### ५.२.२ मासिक औसत आम्दानीको आधारमा बन्दी विवाहित महिलाहरको विवरण

परिवारको आर्थिक अवस्थालाई चित्रण गर्ने अर्को महत्वपूर्ण औजार आजको पूँजीवादी युगमा आम्दानी पनि महत्वपूर्ण मानिन्छ, आम्दानीले पनि मानिसलाई असल वा गलत दिशा निर्देश गर्न महत्वपूर्ण भूमिका खेल्दछ। त्यसैले जेल जीवन बिताईरहेका बन्दीहरूको मासिक आम्दानी कस्तो रहेछ भनी बुझ्नको लागि प्रश्न गरिएको थियो। प्रश्नहरूबाट आएका उत्तरका आधारमा तालिका नं. ५.८ मा विश्लेषण गरिएको छ।

**तालिका नं ५.८ औसत आम्दानीको विवरण :**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ५०० भन्दा कम | ५ | १०% |
| ५०० देखि १००० सम्म | १४ | २७% |
| १००० देखि ५००० सम्म | १६ | ३१% |
| ५००० देखि १०,०००। | ९ | १८% |
| १०,००० देखि २०,०००। | ५ | १०% |
| २०,००० भन्दा माथि | २ | ४% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन २०७७

तालिका नं. ५.८ को तथ्याङ्क हेर्दा बन्दी महिलाहरू बन्दी हुनु अघि मासिक आम्दानीको अवस्था सबैभन्दा न्यून मासिक रु. ५०० भन्दा कम हुने १० प्रतिशत र सबैभन्दा बढी मासिक रु. २०,००० आम्दानी हुने ४ प्रतिशत देखिन्छ। दैनिक जीवनयापनका लागि मासिक आम्दानी भरपर्दो स्रोत हो। तर मासिक आम्दानीको अभाव भएको कारण पारिवारीक अवस्था जटिल बन्दै जाने र परिवार धान्न मुस्किल भई आधारभुत आवश्यकता परिपूर्तिका लागि जस्तो सुकै काम गर्न पनि तयार हुन्छन्। उचित सहयोग र मार्गदर्शनको अभावका कारण आर्थिक अभावसँग जुध्न नसकि महिलाहरू अपराधिक कार्यमा संलग्न रहेको देखिन्छ।

### ५.२.३ पेशाको आधारमा बन्दी महिलाको अवस्था :

वर्तमान जटिल समयको निमार्णसँगै व्यक्तिगत क्षमता, कला अनुसारको कार्य विभाजन वा कार्यमा विशिष्टिकरण व्यापक रूपमा भएको छ। यही प्रक्रिया अनुसार मानिसहरू विभिन्न पेशा, व्ववसायमा संलग्न रहेका छन्। कास्की जिल्ला कारागारमा रहेका बन्दी महिलाको पेशाका बारेमा तालिका नं. ५.९ प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.९ पेशाको विवरण :**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ३९% |
| विद्यार्थि | ४ | ८% |
| जागिर | ७ | १३% |
| व्यापार | ९ | १८% |
| अन्य | ११ | २२% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन २०७७

तालिका नं. ५.९ मा उल्लेखित तथ्याङ्कका आधारमा बन्दी महिलाहरू कृषि पेशामा सबैभन्दा बढी ३९ प्रतिशत संलग्न रहेको देखिन्छ। उचित रोजगारीको व्यवस्था नहुँदा कृषिबाट नै जीवन निर्वाह गर्नुपर्ने र कृषि पेशाबाट पनि उचित आम्दानी हुन नसक्दा पारिवारीक अवस्था सुल्झाउनका लागि उत्तम विकल्प नपाएर पनि अपराधिक कार्यमा संलग्न हुन पुगेको सम्भावना देखिन्छ।

### ५.२.४ सन्ततीका आधारमा बन्दी महिलाको अवस्था

बालबच्चा हुनु वा नहुनुले विभिन्न कार्य सम्पादन गर्न विशेष प्रभाव पारेको हुन्छ। बालबच्चाकै आधारमा समेत बन्दीको परिवारको आर्थिक अवस्थालाई अध्ययन गर्न सहयोग पुग्ने हेतुले प्रश्नावली निर्माण गरिएको थियो। बन्दी महिलाहरूको सन्ततीको विवरण तालिका नं. ५.१० मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.१० सन्तानको अवस्था**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| सन्तान भएका | ९ | १८% |
| सन्तान नभएका | ४२ | ८२% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन २०७७

यो तथ्याङ्कबाट बढि बालबच्चा नभएका बन्दीहरू ४२ जना अर्थात् ८२ प्रतिशत भेटिए भने बाल बच्चा भएका ९ जना अर्थात् १८ प्रतिशत बन्दहिरू भेटिए। यसबाट हामीले कि गरिबीको अवस्था र बालबच्चाको कारण मात्र नभई चेतना र साथी संगतीको असरबाट पनि बन्दीहरू गलत बाटोमा लागे भन्ने निर्ष्कष निकाल्न सकिन्छ।

### ५.२.५ बन्दी महिलाले जेलमा बिताउने समय

आफ्नो गल्तीको सजाय भोग्नुका साथै गल्तीको प्रायश्चित गर्नका लागि कारागारमा रहेका बन्दीहरू आफ्नो दैनिक जीवन कसरी बिताईरहेका छन्। कारागार भित्र मुख्य के गर्दछन् ? वा उनिहरूको समय बिताउने माध्यम के छ ? भनी बुझ्ने क्रममा बन्दीहरूलाई प्रश्न गरिएक्को थियो। जसको विवरण यस प्रकार रहेको छ।

**तालिका नं. ५.११ जेलमा समय बिताउने माध्यम**

| समय बिताउने माध्यम | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| खेलेर, सुतेर वा पढेर | १५ | २९% |
| टेलिभिजन हेरेर | ७ | १४% |
| आयमुलक काम गरेर | २९ | ५७% |
| जम्मा | ५१ | १००% |

श्रोत : स्थलगत अध्ययन २०७७

तालिका नं. ५.११ मा उल्लेखित तथ्याङ्क अनुसार कारागारमा कुल बन्दीहरूको २९ प्रतिशत बन्दीहरूलाई प्राय : दिनभर खेलेर वा सुतेर समय बिताउनु परीरहेको छ भने ५७

प्रतिशत बन्दीहरूलाई आयमुलक काम गर्दछन्। १४ प्रतिशत बन्दहिरू मात्र टेलिभिजन हेरेर समय विताउने गरेको पाईयो। यसरी हेर्दा कारागार भित्रको बहुमत संख्या अर्थात् २९ प्रतिशत बन्दीहरूले आयमुलक काम गरेर समय वितायको देखियो। यसलाई सकरात्मक रूपमा माने पनि टेलिभिजन हेरेर, खेलेर, सुतेर, पढेर समय विताएका संख्या एकिकृत गर्दा झण्डै ९ प्रतिशत देखियो। यसबाट जनशक्ति र सिप यसै खेर गएको पाईन्छ। यिनिहरूलाई पनि आयमुलक कार्यमा लगाउन सकेमा राष्ट्रिय आयमा केही हदसम्म भए पनि वृद्धि हुन पुग्दछ। यसलाई सम्बन्धीत पक्षले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

### ५.२.६ बन्दी महिला र अपराधको प्रकृति

कास्की जिल्ला कारागारमा रहेका ५१ जना विवाहित महिला बन्दीहरू मध्ये कुनकुन अपराधमा संलग्न रहेका छन् भन्ने बुझ्नका लागि प्रश्न बनाईएको थियो। यस शिर्षकको अध्ययनबाट एउटा समाजको रूपमा कारागारलाई तुलना गर्दा अझै पनि कुन अपराध तर्फ बन्दीहरूको ध्यान जादो रहेछ भन्ने बुझ्नका लागि सहज बातावरण सृजना गर्दछ। प्राप्त तथ्याङ्कहरूलाई तालिका नं. ५.१२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.१२ अपराधको प्रकृति**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| कर्तव्य ज्यान | १४ | २७ |
| ठगी | ३ | ६ |
| चोरी डकैति | २ | ४ |
| लागूऔषध | १६ | ३३ |
| बैकिङ्ग कसुर | ७ | १४ |
| बहु विवाह | १ | २ |
| मानव वेचविखन | ६ | १२ |
| गर्भपतन | १ | २ |
| जम्मा | ५१ | १०० |

श्रोत : स्थलगत अध्ययन २०७७

तालिका नं. ५.१२ लाई अध्ययन गर्दा ८ प्रकृतिका मुद्दाहरू मध्ये सबैभन्दा बढि कसुर लागु औषधमा केन्द्रित भएको पाईयो, जहाँ ३३ प्रतिशत बन्दीहरू रहेको देखियो। यसो हुनुको प्रमुख कारण आफ्नो सोचाईलाई सन्तुलित राख्न नसक्नु, आर्थिक अवस्था र कम चेतनाको प्रभाव, पारिवारिक विखन्डन, दबाब र अभावका कारणले हुनसक्छ। त्यस्तै गरी कर्तव्य ज्यानमा २७ प्रतिशत, बैंकिङ्ग कसुर १४ प्रतिशत, ठगिमा ६ प्रतिशत, चोरी डकैतिमा ४ प्रतिशत, मानव वेचविखनमा १२ प्रतिशत, गर्भपतनमा २ प्रतिशत रहेको पाइयो। यो तथ्याङ्क हेर्दा परिवार भित्र रहेर साथी संगतिसँग गोप्य रूपमा अपराधिक क्रियाकलापमा संलग्न भई लागु औषध जस्तो अवैध कारोबारमा संलग्न रहनुको कारण अप्रत्यशित आम्दानीको मोहमा चुर्लुम्म डुबेको अवस्था छ भन्न सकिन्छ । बढ्दो शहरीकरणले मानिसका चाहनाहरू असिमित बनाईदिन्छ। त्यस्तै रोजगारको अभावका कारण पारिवारीक आर्थिक अभाव हटाउन र आवश्यकताहरू पुरा गर्ने चाहनाले नै अपराधिक मनसाय वृद्धिभई लागु औषध, कर्तव्य ज्यान, चोरी डकैती, बैंकिङ कसुर जस्ता  अपराधमा बढी संलग्न हुने गरेको देखिन्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

आजको एक्काईसौं शताब्दीमा आईपुग्दा समेत हाम्रो देश जनताको जनजीविकाको समस्या र शान्ति सुरक्षा कायम राख्न नै तल्लिन छ। देशमा सजाय स्वरूप र आरोपित कसुरको अनुसन्धानमा कारागारमा जीवन बिताईरहेका बन्दी विवाहित महिलाहरूको वैवाहिक, सामाजिक, आर्थिक स्थितिको अध्ययन र जीवन पद्धतीलाई मुख्य उद्देश्य राखी गरिएको अध्ययनको निर्ष्कष निम्नानुसार रहेका छन्।

१. विवाहितको तुलनामा अविवाहितको संख्या बढि रहेको छ साथै अन्य कारण भन्दा साथीसंगतको कारण अपराध गर्ने बन्दीहरू बढि पाईएको छ।

२. बन्दीहरू युवा अवस्थामा (२० देखि ४० वर्ष) अपराध गर्नेहरू बढि पाईएको छ। साथै वृद्ध अवस्थामा अपराध गर्ने बन्दीहरूको संख्या भने कम पाईएको छ।

३. बन्दीहरू अन्य मुद्धामा भन्दा पनि लागुऔषध सम्बन्धी मुद्धामा परेकाहरू बढि छन् साथै थुनुवाको तुलनामा कैदीको संख्या बढि छ।

४. धेरै बन्दीहरूको घरको वार्षिक आम्दानीले वर्षभरी खान नपुग्ने, केहिको जग्गा जमिन नभएको, भएको पनि ज्यादै न्युन भु-स्वामित्व भएको पाईएको छ।

५. आर्थिक अवस्था धेरै कमजोर भएपनि आर्थिक कारणबाट हुने अपराधको संख्या भने कम पाईएको छ।

६. कोभिड-१९, क्षयरोग र एचआईभी एड्सबाट कारागारमा रहेका बन्दीहरूलाई जोगाउनका लागि कारागारमा एचआईभी, क्षयरोग र कोभिड-१९ रोगथाम कार्यक्रम समेत सञ्चालन भएकोले बन्दीहरूले थप स्वास्थ्य सुरक्षाको अनुभूति गरेका छन्।

७. परिवार इष्टमित्रको नकरात्मक दृष्टिकोणका कारण केही बन्दीहरू घरपरिवार सगको भेटमा बञ्चित छन्।

८. बन्दीहरूको बीचको सम्बन्ध राम्रो रहेको र कारागारका कर्मचारी बीचको सम्बन्धलाई सामान्य किसिमको मान्ने बन्दीहरू बढि पाईएको छ।

९. महिला र पुरुषको तुलनामा महिला र अझै विवाहित महिला भएकै कारणबाट बन्दी महिलालाई समाजले हेर्ने दृष्टिकोण बढी सशंकित देखिन्छ।

१०. बन्दीहरू कारागारबाट छुटेपछि बढीले कृषि कार्य नै गर्नेमा जोड दिएका छन् बाँकी केहिले नयाँ व्यवसाय अपनाएर जीवनयापन गर्ने संकल्प लिएको पाईएको छ।

११. बन्दीहरूको आफ्नो घरमा अनुपस्थितिको कारण मुख्य रूपमा आर्थिक समस्या साथै पारिवारिक विखण्डनको जोखिम पर्ने सक्ने बताउछन्।

१२. हाम्रो समुदायका सदस्यहरूको बन्दीहरूप्रति हेर्ने दृष्टिकोण र धारणाले गर्दा समुदायप्रति बन्दीहरू बढी मात्रामा सशंकित छन्।

## ६.२ निष्कर्ष

बन्दीहरूको ज्ञान सीप क्षमताको स्तर न्यून रहेको भावी जीवनप्रति आशावादी हुन नसकेको, आत्माविश्वासमा कमि रहेको र पारिवारीक विषयले चिन्ता ग्रस्त रहेको अवस्थामा उनीहरूको जीवन पद्धतिलाई सुधार गरी अपराधिक प्रवृत्तिद्वारा संचालित व्यवहारले सामाजिक व्यवस्था अस्त व्यस्त हुनबाट जोगाउन अपराधप्रति पश्चातप बोध गराउन र जेल जीवनबाट मुक्त भईसकेपछि परिवार तथा समाजमा पुर्नस्थापना हुनेमा विश्वास्त गराउनु पर्ने देखिन्छ। प्रस्तुत विषयमा गरिएको अध्ययनको निर्ष्कषलाई निम्नानुसार संश्लेषण गरिएको छ ।

१. कारगारमा रहेका बन्दी महिलाहरू लागु औषध मुद्धामा बढी छन् युवा अवस्था(२५ देखी ३४ वर्ष) उमेरमा अपराध गर्ने महिलाहरूको सख्या बढी देखिन्छ ।

२. अंविवाहिताको तुलनामा विवाहित महिलाहरूको सख्या बढि पाईएको रहेको देखिन्छ।

३. धेरै बन्दीहरूको घरको बार्षिक आम्दानीले वर्ष भरी खान नपुग्ने, केहीको जग्गा जमिन नभएको र आम्दानीको भरपर्दो श्रोत नहुदा आर्थिक अभावको समस्याले ग्रसित पारेको पाइएको छ ।

४. बन्दीहरूको पुर्व रोजगारीको अवस्थालाई हेर्दा बेरोजगारीको सख्या बढी रहेको र वेरोजगारीको समस्या सुल्झाउन आपराधिक कार्यमा संलग्न भएको पाईएको छ।

५. समाज र खास गरी परिवारमा महिलालाई निर्णयक तहमा महत्व नदिईएको र आफ्नै परिवारको उपेक्षाबाट महिलाहरू स्वतन्त्राताको लागी घर छोडी आत्मनिर्भर

हुने रहरले कामको खोजी गर्दा गलत संगतको कारण आपराधिक कार्यमा संलग्न हुने गरेको देखिन्छ ।

७. बन्दी जीवन पछि पारिवारिक तथा सामाजिक पुर्नस्थापनाप्रति बन्दी महिलाहरूलाई पुर्नस्थापनाको सम्भावना नभएको सख्या बढि पाईएको छ। अधिकाशं बन्दी विवाहित महिलाहरू बन्दी जीवन पश्चात कहाँ जाने के गर्ने भन्ने विषयमा अन्यौलग्रस्त देखिन्छन् ।

८. बन्दी विवाहित महिलाहरू परिवार समाज इष्टमित्रको नकरात्मक दृष्टिकोणका कारण परिवारसगँको भेटघाटबाट समेत वञ्चित छन्। बालबच्चाहरूको भविष्यप्रति चिन्तीत छन्।

९. बन्दी विवाहित महिलाको रुची अनुसारको आय मुलक काममा समय विताउन चाहन्छन् तर कारागारमा उक्त अवसर नभएकोले निरास छन् ।

१०. पारिवारीक पुर्नस्थापना हुन समस्या भएका अधिकाशं बन्दी महिलाहरू बन्दी जिवन पश्चात सिपयुक्त स्वरोजगारको व्यवस्था भएमा बाकी जीवन सहज हुने अपेक्षा गर्दछन् ।

# सन्दर्भ सामग्रीहरू


अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, **जेल र बन्दीहरू** नेपाल मानव अधिकार वर्ष पुस्तक ( १९९५) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **जेल र बन्दीहरू** नेपाल मानव अधिकार वर्ष पुस्तक ( १९९७) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **जेल र बन्दीहरू** नेपाल मानव अधिकार वर्ष पुस्तक ( २०१०) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **जेल र बन्दीहरू** नेपाल मानव अधिकार वर्ष पुस्तक ( २०११) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **कारागार र बन्दी** नेपाल मानव अधिकार वर्ष पुस्तक ( २०१७) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **कारागार र बन्दी** नेपाल मानव अधिकार वर्ष पुस्तक ( २०१८) काठमाडौं इन्सेक।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक, **कारागार र बन्दी** नेपाल मानव अधिकार वर्ष पुस्तक ( २०१९) काठमाडौं इन्सेक।

आचार्य, माधव प्रसाद, **अपराधशास्त्र** (२०५१), काठमाडौं रत्नपुस्तक भण्डार।

कारागार व्यवस्थापन विभाग, (२०७३), **कारागार व्यवस्थापन कार्यविधि**, काठमाडौ।

कारागार कार्यालय, कास्की, karagarkaski@gmail.com, **मास्केवारी**, २०७७ आषाढ।

गुरागाई, गोपाल, **कारागार भित्र कारागार** (२०५४) अनौपचारिक सेवा केन्द्र, काठमाडौ, इन्सेक

गुरुङ, कन्याकुमारी, **क्षत्री जातीको विवाह पद्धती**, पृथ्वी नारायण क्याम्पस पोखरा (२०७०), Accession No.: D3418.

**चौधौ योजना**, २०७३, राष्टिय योजना आयोग, काठमाडौं

दाहाल, कपिलमणी, **नेपालमा मानव अधिकार र वन्दी प्रत्यक्षीकरण एक अध्ययन**, पृथ्वी नारायण क्याम्पस पोखरा (२०५९) Accession No.: D726.

नेपालको संविधान, २०७२, पैरवी प्रकाशन, काठमाडौं ।

भट्राई, विष्णु प्रसाद, **विवाह र महिला हिंसा**, पृथ्वी नारायण क्याम्पस पोखरा, (वि.स.२०७१), Accession No.: D3356.

**मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४,** कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

राना, इन्द्र बहादुर, **म्याग्दी कारागारका बन्दीहरूको जिवन पद्धती**, पृथ्वी नारायण क्याम्पस पोखरा, (वि.स.२०७०), Accession No.: 3409.

शर्मा, पदमपाणि, **पर्वत जिल्ला कारागारमा बन्दिहरूको सामाजिक आर्थिक अवस्था**, पृथ्वी नारायण क्याम्पस पोखरा (२०६८) Accession No.: D2640.

शर्मा, परशुराम, **कास्की कारागारमा बन्दीहरूको जीवनपद्धति एक अध्ययन**, पृथ्वी नारायण क्याम्पस पोखरा (वि.स.२०६७) Accession No.: D1786.

संजेल, चन्द्रप्रसाद, **अपराधशास्त्र,** २०७६, लुम्बीनी प्रकाशन, काठमाण्डौं ।

संजेल, चन्द्रप्रसाद, **पारिवारिक कानुन,** २०७६, लुम्बीनी प्रकाशन, काठमाण्डौं ।

**अनुसूची : १**

**कास्की जिल्ला कारागारका बन्दीहरूको**

**सामाजिक आर्थिक अवस्थाको**

**अध्ययनका लागि बन्दीहरूलाई सोधिएका**

**प्रश्नावलीहरू**

उत्तरदाताको नामथर .................................................................

ठेगाना : ..............................

(१) **लिङ्ग**

क) पुरुष    ख) महिला

(२) **तपाईको उमेर कति भयो ? .......**

(३) **वैवाहिक स्थिति**

क) अविवाहित    ख) विवाहित    ग) विधवा    घ) सम्बन्ध विच्छेद

(४) **तपाईको शैक्षिक अवस्था के हो ?**

क) साक्षर    ख) निरक्षर

(५) **तपाईले कुन तहसम्म पास गर्नु भयो**

क) साधारण लेखपढ    ख) प्रा.वि.    ग) नि.मा.वि.    घ) मा.वि.

ङ) उ.मा.वि.    च) उच्च शिक्षा

(६) **तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?**

उत्तर : .........................................

(७) **तपाईले कुन धर्म मान्नु हुन्छ ?**

क) हिन्दु    ख) बौद्ध    ग) क्रिश्चियन

घ) इस्लामिक    ङ.) अन्य

(८) **तपाईको जात के हो ?**

उत्तर :

(९) **तपाईको जग्गा कति छ ? (रोपनीमा)**

क) खेत .............................रोपनीमा ख) बारी ............................. रोपनीमा

ग) अन्य .......................

(१०) **तपाईको उब्जनीले कति समयसम्म खान पुग्छ ?**

क) खानपुग्छ    ख) खान पुग्दैन

(११) **तपाई कुन अपराधमा जेल पर्नु भएको हो ?**

क) ज्यानसम्बन्धी    ख) जिउ मास्ने बेच्ने    ग) चोरीसम्बन्धी

घ) लागुऔषधी ङ.) अन्य

(१२) **तपाई कारागारमा रहनुको कारण के हो ?**

क) अदालतको फैसला अनुसार ख) अदालतको धरौटी बुझाउन नसकेर

ग) मुद्दा चल्दैछ घ) अन्य

(१३) **तपाईको पेशा के थियो ?**

क) जागिर ख) कृषि ग) व्यापार घ) अन्य

(१४) **तपाईको औसत मासिक आम्दानी कति थियो ?**

क) रु.५००। भन्दा कम ख) रु.५००। देखि रु.१०००। सम्म

ग) रु.१०००। देखि रु.५०००। सम्म घ) रु.५०००। देखि रु.१०,०००। सम्म

ङ) रु.१०,०००। देखि रु.२०,०००। सम्म च) रु.२०,०००। भन्दा माथि

(१५) **तपाइको परिवार कुन किसिमको छ ?**

क) एकल ख) संयुक्त ग) अन्य

(१६) **छोरा छोरीको अवस्था के छ ?**

क) छन् ख) छैनन्

(१७) **तपाईका छोराछोरी कुन किसिमको विद्यालयमा अध्ययन गर्दछन ?**

क) सार्वजनिक ख) सरकारी

(१८) **तपाई कुन मितिमा जेल पर्नु भएको हो ?**

उत्तर :

(१९) **यदि तपाइले गरेको कसुर ठान्नुहुन्छ भने किन यस्तो कसुर गर्नु भयो ?**

क) पैसा कमाउनका लागि ख) इज्जतको लागि

ग) सिकाएर घ) होस नभएर

ङ) रिसिबिले च) अन्य

(२०) **तपाईले कसुर गर्दा कती वर्षको हुनुहुन्थ्यो ?**

उत्तर :

(२१) **तपाई यहा के गरेर समय विताउनु हुन्छ ?**

क) खेलेर ख) सुतेर

ग) पढेर घ) आयमुलक काम गरेर

(२२) **तपाई जेल पर्दा परिवारले भोग्नु परेको समस्या के होला ?**

उत्तर :

(२३) **तपाई कारागारबाट छुटेपछि के गर्नुहुन्छ ?**

उत्तर :

**(२४) तपाई कारागारमा कसरी पर्नुभयो ?**

क) परिवारको सदस्य
ख) साथिको संगतले
ग) अन्य

**(२५) तपाईको परिवारमा हुने महत्वपूर्ण निर्णय (विवाह, बतबन्ध, उत्सव, जग्गा किन्ने, बेच्ने) का बारेमा तपाईलाई जानकारी छ ?**

क) जानकारी छ
ख) जानकारी छैन

**(२६) परिवारका महत्वपूर्ण निणयमा तपाईको राय लिनु हुन्छ ?**

क) लिनु हुन्छ
ख) थाहै हुँदैन

**(२७) तपाईलाई यहा सिपमुक तालिम गर्न चाहनु हुन्छ ?**

क) चाहन्छु
ख) चाहन्न
ग) व्यवस्था छैन

**(२८) तपाईको विवाह कसरी भएको हो ?**

क) सामाजिक परम्परा अनुसार मागेर
ख) भागी विवाह (पेम विवाह)
ग) पेम विवाह तर मागेर
घ) जातजाति विवाह (मामा चेलो फुपुचेली)
ङ) सामाजिक परम्परा अनुसार (राजीखुसीले)
च) जबरजस्ती विवाह
छ) कानुनी विवाह
ज) अन्तर्जातीय विवाह

**(२९) तपाई जेल परेपछि परिवार सगको सम्बन्ध कस्तो छ ?**

क) जेल पर्नुको कारण बुझेको छन सम्बन्ध बिग्रेको छैन
ख) सम्बन्धको बारेमा थाहा छैन भेटघाट नै हुँदैन
ग) सम्बन्ध टुटिसक्यो
घ) श्रीमानले अर्को विवाह गर्नुभयो
ङ.) परिवार लथालिंग भयो

**(३०) जेल जीवन सकेपछि परिवारमा पुर्नस्थापना हुन सक्ने अवस्था छ कि छैन**

क) घरमा नै बस्छु
ख) घरमा स्वीकार गर्दैनन
ग) माईतीमा जान्छु
घ) अब काहा जाने थाहा छैन
ङ) अन्य

## अनुसूची : २

## कास्की जिल्ला कारागारमा रहेका मुद्दाका विवरण

| सि. नं. | मुद्दाको विरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | कैदी | थुनुवा | कैदी | थुनुवा | कैदी | थुनुवा |
| १ | कर्तव्य ज्यान | १४१ | ३९ | १२७ | ३५ | १४ | ४ |
| २ | लागुऔषध | ११८ | ११४ | ११३ | ९८ | ५ | १६ |
| ३ | डाँका चोरी | ५ | ८ | ५ | ८ | ० | ० |
| ४ | मानव बेचविखन | ११ | ३ | ६ | २ | ५ | १ |
| ५ | जर्वजस्ती करणी | १६६ | ६८ | १६६ | ६८ | ० | ० |
| ६ | चोरी | ५२ | ३४ | ५० | ३४ | २ | ० |
| ७ | ज्यान मार्ने उद्योग | ९ | १३ | ९ | १३ | ० | ० |
| ८ | ठगी | ५ | ५ | ४ | ३ | १ | २ |
| ९ | विदेशी विनिमय | ० | १ | ० | १ | ० | ० |
| १० | वन्यजन्ती | २ | ० | २ | ० | ० | ० |
| ११ | सा.अ. | ० | ६ | ० | ५ | ० | १ |
| १२ | सवारी ज्यान | ९ | १५ | ९ | १५ | ० | ० |
| १३ | अपहरण | ११ | १ | ११ | १ | ० | ० |
| १४ | बहु विवाह | ६ | ९ | ५ | ८ | १ | १ |
| १५ | आगलागि | १ | १ | १ | १ | ० | ० |
| १६ | लेनदेन | २ | ० | २ | ० | ० | ० |
| १७ | गोवध | ० | ४ | ० | ४ | ० | ० |
| १८ | वैदेशिक रोजगार कसुर | २ | ० | २ | ० | ० | ० |

| सि. नं. | मुद्दाको विरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | कैदी | थुनुवा | कैदी | थुनुवा | कैदी | थुनुवा |
| १९ | वैकिङ कसुर | ३ | ६ | ० | २ | ३ | ४ |
| २० | बालयौन दुराचार | ३ | ० | ३ | ० | ० | ० |
| २१ | वन पैदावार | ५ | ० | ४ | ० | १ | ० |
| २२ | मुद्रा सम्बन्धी कसुर | २ | १ | १ | १ | १ | ० |
| २३ | लिखित सम्बन्धी कसुर | ० | १ | ० | १ | ० | ० |
| २४ | हा.ह.क | १ | ० | १ | ० | ० | ० |
| २५ | गर्भपतन | ० | २ | ० | १ | ० | १ |
| | जम्मा | ५५४ | ३३१ | ५२१ | ३०१ | ३४ | ३० |